बाँसगढी नगरपालिकाको

नगरसभाद्वारा स्वीकृत आ.व. २०८२/०८३ को

वार्षिक नीति, बजेट तथा कार्यक्रम

बाँसगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाँसगढी, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

फोन नं. ०८४-४००००२ टोल फ्रि : १६६०-८४४२००२

इमेल : info@bansgadhimun.gov.np Website: bansgadhimun.gov.np

नगर सभा

केदारेश्वर धाम




बर्दिया जिल्ला
बाँसगढी नगरपालिका
N
Surkhet
Bardiya National Park
Salyan
Barbardiya
Nagarpalika
Banke
Badhaiyatal
Gaunpalika
1
2
3
4
5
6
7
8
9
संकेत
N वडा नम्वर
वडा सीमाना
गाउँपालिका/नगरपालिका सीमाना
जिल्ला सीमाना
Scale
0 1 2 4
Km

वार्षिक विकास कार्यक्रम

आर्थिक वर्ष २०८२/०८३

बजेट, योजना, नीति तथा कार्यक्रम

बाँसगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाँसगढी, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

बाँसगढी नगरपालिका
आ.व. २०८२/८३ को विकास कार्यक्रम

संरक्षक

खड्कबहादुर खड्का

नगर प्रमुख

इन्दिरा चौधरी

उप-प्रमुख

सम्पादक मण्डल

नेव बहादुर वली

प्रमुख प्रशासकीय अधिकृत

श्री मन प्रसाद रेग्मी

वरिष्ठ शिक्षा निर्देशक

श्री धन बहादुर चन्द

वरिष्ठ लेखा अधिकृत

श्री खड्ग बहादुर वली

प्रशासकीय अधिकृत

पृष्ठभूमि

सुन्दर, प्राकृतिक एवम् ऐतिहासिक महत्व बोकेको बाँसगढी नगरपालिका बर्दियाको नगरसभाको सत्रौँ बैठकबाट सर्वसम्मत रुपले पारित चालु आर्थिक वर्षको बार्षिक नीति, बजेट तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन तथा संघसंस्थाहरुको वार्षिक बजेट तथा कार्यक्रम समेत समेटिएको छ। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवम् स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५ लगायतका सम्बद्ध कानुनले अंगिकार गरेका व्यवस्था अनुसार टोल/बस्ती र बडा तहबाट गरिएको कार्यक्रम तयारी, विभिन्न सरोकारवालाहरुसँगको सुझाव संकलन, संघीय तथा प्रादेशिक सरकारका नीति तथा कार्यक्रमहरु, विभिन्न सरोकार पक्षबाट प्राप्त सुझावहरु एवम् नगरपालिकामा क्रियाशील स्थानीय राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निधारण समिति, योजना तथा बजेट तर्जुमा समिति, विभिन्न समितिका निर्णयहरु, कार्यपालिका सदस्यहरु, एवम् विज्ञहरुको सुझाव समेतका आधारमा आ.व २०८२/०८३ को लागि बार्षिक नीति तथा कार्यक्रम एवम् बजेट तर्जुमा गरिएको छ।

यस पुस्तिकामा नगरपालिकास्तरीय तथा बडागत योजनाहरु, संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित योजनाहरु समेत समेटिएका छन्। गत आर्थिक बर्षमा भए गरेका मुख्य उपलब्धिहरुलाई समेट्दै उल्लेखित बर्षमा लिइएका नीतिहरुको समिक्षा गर्दै यस पुस्तकमा चालु आर्थिक वर्षमा तय गरिएका क्षेत्रगत विकास नीतिहरु समेटी क्रमागत आयोजनाको सूची तथा बजेटको अभिन्न अंग मानिने आर्थिक ऐन तथा सो सँग सम्बन्धित अनुसूचीहरु तथा विभिन्न संघसंस्थाहरुको प्रस्तावित बजेट तथा कार्यक्रम समेत सबै सरोकारवालाको जानकारीको लागि प्रकाशित गरिएको छ। यसैगरी नगर कार्यपालिकाको विवरण, विभिन्न विषयगत समितिहरुका विवरण, नगरपालिका तथा मातहतका वडा कार्यालय एवम् स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको विवरण, नगरभित्र सञ्चालित विद्यालयहरुको विवरण लगायतका विविध पक्षहरु समेटी यो पुस्तक प्रकाशन गरिएको छ। यस नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम एवम् बजेट तर्जुमा गर्ने कार्यमा संलग्न सबैमा धन्यवाद दिँदै निर्धारित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सबै सरोकारवालहरुको साथ, सहयोग र समन्वयको अपेक्षा गरिएको छ।

धन्यवाद !

बाँसगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाँसगढी, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुखको मन्तव्य

'सुन्दर हरियाली र सफा सहर : समृद्ध र समुन्नत बाँसगढी नगर' को परिकल्पनासहित सत्रौं नगरसभाबाट पारित बार्षिक नीति तथा कार्यक्रम र बजेट लगायतका विषयवस्तुहरू समेटी सम्पूर्ण जानकारी सरोकारवालाहरूको हात-हातमा पुऱ्याउने उद्देश्यका साथ तयार हुन लागेको बाँसगढी नगरपालिकाको "बार्षिक विकास कार्यक्रम" नामक पुस्तिका मार्फत यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ। सार्वजनिक सेवा प्रवाह साथै विकास निर्माणमा नागरिकहरूको अधिकतम् सन्तुष्टि हाम्रो मुख्य लक्ष्य रहेको छ। सचेत र जागरुक नागरिकाहरूले मात्र समाजमा सकारात्मक रूपान्तरणमा सक्रिय योगदान गर्न सक्दछन्। यसै अनुरुप विकास निर्माणका हरेक आयोजनाहरूमा नागरिकहतको सक्रीय सहभागिता होस् भन्ने हाम्रो अपेक्षा रहेको छ।

हाम्रो कार्यकालको सुरुवाती बिन्दुबाट नै रणनैतिक महत्वका विकास निर्माण सुरुवात गरेका छौँ। नागरिकहरूको सडक मार्फत हुने पहुँच र समय बचतमा सुधारका लागि पालिका पहुंचमार्गको रुपमा रहेको चेपाङ-दोन्द्रो सडक, बेलवा-बेतहनी सडक, SOS चोक-लक्ष्मणपुर सडक, दमौली सडक, ककौरा-कोलडाँडा सडक, लौहाखोला-राँझा-समलकुना सडक लगायतका अन्य केही सडकहरू गरी करिब १८ कि.मी. सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ। विभिन्न सार्वजनिक भवन निर्माण, सहरी क्षेत्रहरुमा भित्री सडकहरूको मर्मत, पालिकाभित्रका अन्य विभिन्न सडकहरूको स्तरोन्नति एवम् सफाइ, सडकका नालीहरूको उचित व्यवस्थापन, खानेपानीको गुणस्तरीयता कायम राख्ने तथा विभिन्न सिँचाइ आयोजनाहरूलाई अगाडि बढाउने, विभिन्न पर्यटकीय तथा धार्मिकस्थलहरूको संरक्षण र प्रवर्द्धन गर्ने खालका काम गरेका छौँ। समग्रमा भएका विकास निर्माणको गुणस्तरीयता कायम गर्न सबैको पहल कदमीको अपेक्षा राखेका छौँ। पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपक्षी विकास, स्वरोजगार तथा उद्यमशीलता विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासमा प्राथमिकता हुने गरी नीति तथा कार्यक्रम र सोही अनुसार बजेट तयार गरिएको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धनका लागि अनुदान कार्यक्रम सञ्चालन गरेका छौँ। पछाडि पारिएका समुदायलाई लक्षित गरी विभिन्न किसिमका सीपमूलक तथा क्षमता विकासका तालिम तथा सामग्री हस्तान्तरण, उद्यमशीलता विकासलगायतका कार्यक्रमहरू सञ्चालन भएका छन्। शैक्षिक अवस्था सुधारका लागि विभिन्न शैक्षिक कार्यक्रमहरू, खेलकुदको विकासमा जोड दिएका छौँ। उत्पादनमा आधारित च्याउ खेतीका लागि अनुदान कार्यकम, उत्पादनमा आधारित अनुदान कार्यक्रममा जोड दिँदै शिक्षा, स्वास्थ्य, पूर्वाधार विकासलगायत समग्र सार्वजनिक सेवा प्रवाहमा चुस्तता हाम्रो मुख्य प्राथमिकताका क्षेत्र छन्। यस किसिमका कार्यक्रमहरूमा यहाँहरूको उत्साहजनक सर्मथनले थप हौसला प्रदान गरेको छ।

हामीलाई समग्र नगरपालिकाको विकास र प्रभावकारी सञ्चालनका लागि जिम्मेवारी सुम्पिनुहुने आदरणीय बाँसगढीबासीहरूप्रति सदा कृतज्ञ रहिरहनेछौँ। नागरिकहरूको सर्वोत्तम हितको लागि वार्षिक बजेट तथा नीति निर्माणमा विभिन्न क्षेत्रबाट सहयोग गर्नुहुने उपप्रमुखज्यूलगायत सम्पूर्ण जनप्रतिनिधि साथीहरू, प्रमुख प्रशासकीय अधिकृतलागयत सम्पूर्ण कर्मचारी साथीहरू, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरू, उद्योगी, व्यापारीलगायत पेशागत सङ्गठनका प्रतिनिधिहरु, विभिन्न सङ्घ-संस्थाका प्रतिनिधिहरू, सञ्चारकर्मीहरू लगायत सम्पूर्ण बाँसगढीबासीहरुमा हार्दिक धन्यबादसहित कार्यक्रम कार्यान्वयनको लागि पहल गर्नुहुन समेत हार्दिक अपिल गर्दछौँ। बाँसगढीनगरपालिकाको बजेट, कार्यक्रम तथा आयोजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौँ।

धन्यवाद !

खड्क बहादुर खड्का
नगर प्रमुख

बाँसगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाँसगढी, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

नगर उप-प्रमुखको मन्तव्य

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबमोजिम स्थानीय तहले राज्य शक्तिको प्रयोगमार्फत् आफ्नो तहको सर्वपक्षीय विकासका लागि नीति तथा योजना तयार गर्ने, बार्षिक बजेट बनाउने र त्यसको कार्यान्वयन गर्ने अधिकार प्राप्त गरेको छ। उल्लेखित संबैधानिक व्यवस्था अनुसार विभिन्न समितिहरुको सिफारिसका आधारमा नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान तयार गरी नगरसभा मार्फत् पारित गराउनुपर्ने हुन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्धारण गरेको नगरपालिकाको काम, कर्तव्य र अधिकार पूरा गर्न संवैधानिक अधिकारको जगमा रहेर बाँसगढी नगरपालिकाको समग्र विकासका लागि आर्थिक वर्ष २०८२/०८३ का लागि नीति तथाकार्यक्रम, राजस्व र व्ययको अनुमानसहितको वार्षिक बजेट र आर्थिक ऐन तयार गरी नगरसभाबाट पारित समेत गरिसकेको छ। बजेट तर्जुमा गर्दा सङ्घ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित भएर स्थानीय सरकारको काम, कर्तव्य र अधिकारलाई पूरा गर्न अधिकतम् प्रयास गरिएको छ।

सङ्घीय स्वरूपमा स्थानीय तह पुनर्संरचनापछिको दोस्रो निर्वाचित जनप्रतिनिधिको भूमिकाबाट आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम र बजेट ल्याइएको छ। **'सुन्दर हरियाली र सफा सहर : समृद्ध र समुन्नत बाँसगढी नगर'** को दृढ सङ्कल्प एवम् समृद्ध बाँसगढीको दीर्घकालीन सोचलाई समेत आधार लिइएको छ। बाँसगढी नगरपालिकाको वस्तुस्थिति एवम् विशिष्टता समेतलाई आत्मसात गर्दै विकासका क्षेत्र, उपक्षेत्र र लक्षित समूहहरू बीच सन्तुलन कायम हुने गरी बजेटको व्यवस्था गरिएको छ। शिक्षा, स्वास्थ्य, गरिबी निवारण, रोजगारी सिर्जना, जीवनस्तर सुधार, स्थानीय सहभागिता प्रवर्द्धन, सामाजिक समावेशीकरण, दिगो विकास, संस्कृतिको जगेर्ना, सामाजिक सद्भावसँग सम्बन्धित आर्थिक, सामाजिक र पूर्वाधार विकासका कार्यक्रमहरूलाई प्राथमिकता दिइएको छ।

यस बजेटको कार्यान्वयनबाट नगरपालिकाको दिगो, सन्तुलित, समन्यायिक र समष्टिगत विकासमा सहयोग पुग्ने विश्वास लिइएको छ। वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा नगरपालिकाका सबै नागरिकको भावनात्मक एवम् कार्यमूलक सहभागिता र सहयोगको अपेक्षा गरिएको छ। नगरपालिकाका नागरिक तथा सबै सरोकारवाला पक्षहरूबाट यस पालिकाको आर्थिक वर्ष २०८२/०८३ को योजना, नीति र बजेटको तर्जुमा र कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनका सम्बन्धमा आवश्यक पृष्ठपोषण प्राप्त हुने अपेक्षा समेत गरिएको छ।

धन्यवाद !

इन्दिरा चौधरी
उप-प्रमुख

बाँसगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाँसगढी, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृतको भनाइ

बाँसगढी नगरपालिकाको १७ औँ नगर परिषद्द्वारा पारित बाँसगढी नगरपालिकाको आ.व. २०८२/०८३ का लागि बार्षिक नीति तथा कार्यक्रम, बजेत तथा कार्यक्रम तथा आर्थिक ऐन, २०८२ समेटी बाँसगढी नगरपालिकाको **बार्षिक विकास कार्यक्रम पुस्तिका २०८२** प्रकाशन हुन लागेकोमा खुसी लागेको छ। यसबाट आम नागरिक तथा सरोकारवालाहरूलाई आवश्यक पर्ने सूचनाहरू एकीकृतरुपमा उपलब्ध भई कार्यान्वयनमा समेत सहजता हुने विश्वास लिइएको छ।

यो वार्षिक विकास कार्यक्रम पुस्तिका निर्माणमा सम्पादक मण्डलमा रही कार्य गर्नुहुने सम्पूर्ण सहकर्मी साथीहरूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु। बजेट, नीति कार्यक्रम र आर्थिक ऐन तर्जुमा र अनुमोदनमा सक्रिय भूमिका निर्वाह गर्नुहुने सबै राष्ट्रसेवक एवम् आदरणीय जनप्रतिनिधिहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दै कार्यान्वयनमा समेत सबै सरोकारवालाहरूको रचनात्मक भूमिकाको अपेक्षा गर्दछु। धन्यवाद !

नेव बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

विषयसूची

क्र.सं.	शीर्षक	पृष्ठ
१.	आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम	१-११
२.	आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य	१२-२०
३.	बाँसगढी नगरपालिकाको आर्थिक ऐन, २०८२	२१-६८
४.	आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रमहरु	६९-११८
५.	साझेदार संघसंस्थाको वार्षिक बजेट तथा कार्यक्रम	११९-१२३
६.	जनप्रतिनिधिहरुको विवरण	१२४-१२५
७.	स्थायी कर्मचारीहरुको विवरण	१२६
८.	स्वास्थ्य तर्फको स्थायी कर्मचारीहरुको विवरण	१२७
९.	करार कर्मचारीहरुको विवरण	१२८-१३२
१०.	विषयगत समितिहरुको विवरण	१३३
११.	महत्वपूर्ण सम्पर्क नम्बरहरु	१३४-१३५

बाँसगढी नगरपालिकाको १७ औँ नगरसभा बैठकमा नगर प्रमुख श्री खड्क बहादुर खड्काद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८२/०८३ को

नीति तथा कार्यक्रम

बाँसगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाँसगढी, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

स्थानीय सरकार प्रमुखको हैसियतले यस गरीमामय १७ औँ नगरसभा बैठकमा आ.व. २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा गौरवको अनुभूति गरेको छु। सर्वप्रथम, संघीय लोकत(ान्त्रिक गणतन्त्र स्थापना, राष्ट्रिय गौरव, एकता र अखण्डताको लागि विभिन्न कालखण्डमा भएका जन(आन्दोलन, जनक्रान्तिहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते, बेपत्ता र तिनका परिवारजन तथा आन्दोलन र संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मानसहित स्मरण गर्दछु।

सार्वभौम जनताको प्रतिनिधि भई यस नगरपालिकालाई "सुन्दर हरियाली र सफा सहर : समृद्ध र समुन्नत बाँसगढी नगर" बनाउन स्थानीय सरकार दृढ छ। सामाजिक न्यायसहितको सुशासन, विकास र समृद्धि हासिल गर्न, नगरबासीलाई हाम्रो इतिहास र स्वाभिमान, सङ्घर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरव बोध गराउन, जनतामा थप आशा र भरोसा पैदा गर्न सुशासन कायम गरी दण्डहीनता अन्त्य गर्न स्थानीय सरकार प्रतिवद्ध छ। नगरवासीका भावना तथा आवश्यकतालाई प्राथमिकताको आधारमा क्रमशः पूरा गर्दै अगाडि बढ्ने सङ्कल्पसहित "डिजिटल, समावेशी र समुन्नत बाँसगढी नगर" का रूपमा विकास गर्न सचेत, निष्ठावान् र संस्कारयुक्त समाजको निर्माण तथा साँस्कृतिक पुनर्जागरण गरी सामाजिक समृद्धिको जनआकाङ्क्षा पूरा गर्न हरेक दिन प्रयासरत रहेको र आगामी दिनमा समेत नगरबासीको आवश्यकतालाई शिरोपर गर्दै लोकतान्त्रिक, पारदर्शी र जनउत्तरदायी सरकारको अनुभूति दिलाउने प्रतिबद्धता व्यक्त गर्दछु।

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनले प्रत्याभूत गरेका स्थानीय तहका एकल तथा साझा अधिकारको परिधिमा रही स्थानीय सरकारलाई जवाफदेही, पारदर्शी तथा जनमुखी बनाई दिगो तथा गुणस्तरीय पूर्वाधार विकास, उत्पादन तथा स्वरोजगारमुखी आर्थिक विकास, प्रभावकारी समाजिक विकास, सुशासन तथा संस्थागत विकास एमव् वन, वातावरण तथा विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तयार गरिएको छ।

सभा सदस्यज्यूहरू,

अब म आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

१. "आफ्नै बारीको उत्पादन खाऔँः आत्मनिर्भर बाँसगढी बनाऔँ" लाई आत्मसात गरी कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा, खाद्य सम्प्रभुता तथा पोषणको सुनिश्चितता गरिनेछ। निर्वाहमुखी कृषिलाई आधुनिक र व्यावसायिक बनाउँदै कृषि उपजमा आत्मनिर्भर बनाउन यान्त्रिकीकरण, बाली विविधीकरण, औद्योगिकीकरण तथा बजारीकरणमार्फत् तुलनात्मक लाभ एवम् प्रतिस्पर्धात्मक क्षमताका बालीवस्तुको उत्पादनमा वृद्धि गर्ने नीति लिइनेछ। कृषि उपजको बजारीकरणको लागि हाट बजारलाई थप विस्तार तथा व्यवस्थापन गरिनेछ।

२. "कृषिमा उत्पादकत्व वृद्धिः बाँसगढीको समृद्धि" भन्ने सोचलाई नगरबासीमा विस्तार गरी कृषि योग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने, माटोको जैविक गुणस्तरमा सुधार गर्ने, दिगो कृषि प्रणालीलाई प्रवर्द्धन गर्ने तथा सम्पूर्ण उत्पादनलाई अर्गानिक रूपमा रूपान्तरण गर्दै 'अर्गानिक उत्पादनमा बाँसगढी' अभियानलाई सशक्त रूपमा अगाडि बढाइनेछ। जैविक मल कारखाना निर्माण, सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

३. "किसानको सम्मान : हाम्रो अभियान" अन्तर्गत कृषि पेशालाई सम्मानित र मर्यादित पेशाको रूपमा

विकास गरिनेछ। किसानहरूलाई Smart Agriculture Card र किसान डायरी मार्फत अभिलेखीकरण गरिनेछ। तरकारीमा आत्मनिर्भर बनाउन अर्गानिक तरकारी उत्पादनलाई प्रोत्साहन गर्ने नीति लिइनेछ। च्याउ खेती गर्ने कृषकहरूलाई व्यावसायिक बनाउन आवश्यक बीउ, प्रविधि र बजारीकरणको सम्भावना खोजी गरिनेछ।

४. "उत्पादन साथमा, अनुदान हातमा" भन्ने मान्यतामा उत्पादनको आधारमा अनुदान दिइने नीति अवलम्बन गरिनेछ। विपन्न वर्ग, मुक्त कमैया, मुक्त कमलरी, दलित, द्वन्द्वपीडित तथा पिछडिएका व्यक्तिहरूलाई खाद्यान्न तथा तरकारी बीउबिजनमा अनुदान प्रदान गरी व्यावसायिक उत्पादनमार्फत् स्वरोजगारीको नीति अवलम्बन गरिनेछ।

५. "घरदैलोमा प्राविधिक सेवा : व्यावसायिक कृषिजन्य उत्पादनमा टेवा" भन्ने मान्यतालाई आत्मसात् गर्दै व्यावसायिक कृषकको फार्ममै पुगी घुम्ती प्राविधिक परामर्श तथा उपचारसहितको विशेषज्ञ सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। पशुपन्छी तथा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न नश्ल सुधार, यान्त्रिकीकरण, आहार व्यवस्थापन, रोग निदान तथा उपचार सेवालाई विस्तार गर्दै लगिनेछ। उत्पादन लागत कम गर्न घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रवर्द्धन गरी साइलेज निर्माणका लागि समेत पहल गरिनेछ।

६. पशु धन जोखिममुक्त पालिका बनाउन पशुपन्छी विमा लगायत अन्य सुरक्षणका कार्यक्रमलाई निरन्तरता दिइनेछ। निःशुल्क खोप सेवालाई विस्तार गरी पशुपन्छी खोप सुनिश्चित पालिका घोषणा गर्ने नीति लिइनेछ।

७. विपन्न वर्गका कृषकहरूको आयस्तर वृद्धि गर्न थोरै क्षेत्रफल तथा न्यून लगानीमा पाल्न सकिने पाडी, बाखा तथा बङ्गुरको पाठापाठी उपलब्ध गराइनेछ। सुत्केरी गाई/भैसीलाई पोषण भत्ता उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

८. कृषकहरूको उत्पादन लागत घटाउन परम्परागत पशुपालन पद्धतिलाई रूपान्तरण गरी आधुनिक व्यावसायिक पशुपन्छीपालनका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण, मेसिनरी औजार उपकरण प्रयोग, बाह्रै महिना हरियो घाँस उत्पादन गरी प्रतिइकाइ उत्पादन लागत घटाई प्रतिस्पर्धी कार्यक्रम सञ्चालन गरिनेछ। सङ्घ तथा प्रदेश सरकारसँगको सहकार्यमा गाई, भैसी जोन र बाखा स्रोत केन्द्रको विकास गरिनेछ। स्वच्छ मासु उत्पादन तथा बजारीकरणका लागि आवश्यक व्यवस्था गरिनेछ।

९. सीपयुक्त दक्ष जनशक्ति तयार गर्न विभिन्न व्यावसायिक सीपमूलक तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। उद्यमशीलता तथा रोजगारी सिर्जनाको लागि सङ्घ, प्रदेश तथा अन्य साझेदारहरूसँगको सहकार्यमा बेरोजगार युवाहरूको लागि सीपमूलक उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१०. एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालनका लागि स्थानीय रोजगार रणनीतिलाई कार्यान्वयनयोग्य बनाई रोजगार संवाद मञ्चको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ।

११. वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन अभिमुखीकरण कार्यलाई समुदायस्तरसम्म बिस्तार गरिनेछ। विदेशमा अलपत्र परेका श्रमिकको खोज, उद्धार, राहत तथा पुनर्स्थापनाको कार्यलाई शीघ्र समन्वयका माध्यमबाट प्रभावकारी बनाइनेछ।

१२. वैदेशिक रोजगारीबाट फर्किएका रिटर्नी युवाको सीप, पूँजी र अनुभवलाई उपयोग गरी उत्पादनमूलक रोजगारीको आधारको रूपमा विकास गरिनेछ। सीप विकास र प्रविधि हस्तानतरणलाई कार्यसम्पादन

र निरन्तरताको आधारमा प्रोत्साहनको नीति अवलम्बन गरिनेछ ।

१३. समान कामको समान ज्याला, कार्यस्थलको सुरक्षा, बिमा, बिदा, अतिरिक्त समय काम गरे वापतको पारिश्रमिक, हाजिरी कार्ड र श्रमिक कार्डको व्यवस्थापन गरिनेछ । नगरपालिकालाई बाल श्रममुक्त पालिका घोषणा गरिनेछ ।

१४. "श्रम संसार" डिजिटल प्लेटफर्मको प्रभावकारी प्रयोगमार्फत् रोजगारीको खोजीमा रहेका व्यक्ति, रोजगारदाताको सम्बन्ध सेतुको रूपमा विकास गरिनेछ । श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५. श्रम संस्कृतिको विकास गर्न स्थानीयबासी, कर्मचारी तथा जनप्रतिनिधिहरूको सहभागितामा "श्रमको सम्मान : मेरो पनि योगदान" अभियान सन्चालन गरिनेछ ।

सभा सदस्यज्यूहरू,

१६. सहकारी संस्थाको संस्थागत क्षमता अभिवृद्धिका लागि नियमन, अनुगमन तथा प्रवर्द्धनको नीति लिइनेछ । सहकारी तथा गरिवी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सबै सहकारीहरूलाई अनिवार्यरूपमा आवद्ध गराइनेछ ।

१७. सहकारी संस्थाहरूको आर्थिक पारदर्शिता, मितव्ययिता तथा वित्तीय जोखिम न्यूनीकरणका लागि पालिकामा सूचीकृत लेखापरीक्षकबाट लेखा परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

१८. सहकारी क्षेत्रलाई अर्थतन्त्रको संवाहकको रूपमा विकास गरी उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा गरिबी निवारणको रणनैतिक खम्बाको रूपमा परिचालन गरिनेछ ।

१९. सफल उद्यमीहरूलाई प्रोत्साहन तथा सम्मानको नीति लिइनेछ । स्थानीय स्रोत साधनमा आधारित लघु साना तथा परम्परागत उद्यम तथा व्यवसायको संरक्षण र प्रवर्द्धनको कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. विभिन्न जाति, धर्म र समुदायको परम्परागत सीपलाई पुस्तान्तरण गरी आधुनिकीकरण र व्यावसायीकरण गर्दै लगिनेछ । नगरपालिकाबाट हालसम्म प्रदान गरिएका विभिन्न सीपमूलक तालिम तथा अनुदान प्राप्त गरेका लाभग्राहीहरूको एकीकृत तथ्याङ्क प्रणालीमा अद्यावधिक तथा सार्वजनिक गरिनेछ ।

२१. सङ्घ, प्रदेश तथा गैरसरकारी सङ्घसंस्थासँग समन्वयमा १० वर्षे रणनैतिक शिक्षा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । अभिभावक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ समेतलाई क्रियाशील बनाई शैक्षिक गुणस्तर अभिबृद्धिमा परिचालन गरिनेछ ।

२२. प्रारम्भिक तहदेखि नै सिकाइलाई प्रभावकारी र बालमैत्री बनाइनेछ । बाल विकास केन्द्रहरूलाई सिकाइ तथा मनोरम केन्द्रको रूपमा विकास गरिनेछ । नगर अनुदान शिक्षकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ । विद्यालयमा स्वास्थ्यकर्मी मार्फत् स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. निर्धारित मापदण्ड र निर्देशिका, विद्यार्थी सङ्ख्या र आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान तथा विद्यालय मर्जर प्रक्रियालाई अगाडि बढाइनेछ । शिक्षण सुधार र क्षमता विकासका क्रियाकलाप सञ्चालन गरिनेछ । अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालनलाई निरन्तरता र प्रोत्साहनको नीति लिइनेछ ।

२४. अङ्ग्रेजी, गणित र विज्ञान जस्ता विषयमा विषयगत शिक्षकको व्यवस्था, प्रविधिमैत्री शिक्षण सिकाइ सामग्री व्यवस्थापन, पठन संस्कृतिको विकास, प्रभावकारी निरीक्षण, अनुगमन र शिक्षक मेन्टरिङका

माध्यमवाट माध्यमिक तहको शिक्षालाई थप नतिजामुखी, समसामयिक र प्रभावकारी बनाइनेछ। नतिजाका आधारमा उत्कृष्ट शिक्षक र विद्यालयलाई पुरस्कार र सम्मानको नीति लिइनेछ। विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयलाई सवारी साधन उपलब्ध गराउन सङ्घ, प्रदेश तथा साझेदार निकायसँग समन्वय गरिनेछ।

२५. कक्षा ११ र १२ तर्फ प्राविधिक धारमा अध्ययन गर्न विद्यार्थीलाई प्रोत्साहन गरिनेछ। विज्ञान विषय सञ्चालनलाई प्राथमिकतामा राखी जेहनदार विद्यार्थी छात्रवृत्ति र विद्यालय अनुदानको व्यवस्था गरिनेछ। विपन्न, दलित, मुक्त कमैया, जनजाति, अपाङ्ग, लोपोन्मुख जाति, द्वन्द्वपीडित लगायत पिछाडिएको वर्गका बालबालिकालाई उच्च शिक्षातर्फ आकर्षित गर्न र पठनपाठन निरन्तरताका लागि पढ्दै कमाउदै कार्यक्रमलाई निरन्तरता दिइनेछ। नगर उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम सञ्चालन गरी विज्ञान तथा प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने व्यवस्था मिलाइनेछ। रोजगार उन्मुख विषय छनौट गर्न विद्यार्थीहरूलाई प्रदेश सरकारसँगको समन्वयमा बृत्ति परामर्श (career counseling) कार्यक्रम सञ्चालन गरिनेछ।

२६. सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गरी क्रमशः सबै वडामा बिस्तार गरिनेछ। वडास्तरका विविध सूचना सङ्कलन, FREE WIFI ZONE र निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनमा विद्यालय बाहिर रहेका र नव साक्षरहरूको लागि अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गरी आय आर्जनमा जोड दिइनेछ।

२७. विद्यालयको जग्गा र सम्पत्तिको अभिलेख व्यवस्थित गरिनेछ। विद्यालयको सम्पतिबाट प्राप्त आयलाई पारदर्शी बनाई शैक्षिक गुणस्तर सुधारमा उपयोग गरिनेछ। हरित विद्यालय निर्माण र उत्पादनमूलक जग्गा उपयोग मार्फत विद्यार्थीमा कृषि र श्रमप्रति सम्मानको भावना जगाउन, जलवायु संवेदन(शील नागरिक तयार गर्न, प्लाष्टिकमुक्त बिद्यालय कायम गर्न, दिवा खाजामा अर्गानिक तथा स्थानीय खानाको उपयोग बढाउन, शिक्षक, अभिभावक र विद्यार्थीहरूमा जागरण अभियान सञ्चालन गरिनेछ। सामुदायिक विद्यालयहरूको नियमन तथा अनुगमनलाई सघन तुल्याइनेछ।

२८. संस्थागत विद्यालयको नियमन र अनुगमनलाई प्रभावकारी वनाइनेछ। भौतिक पूर्वाधारमा भूकम्प प्रतिरोधी न्यूनतम मापदण्ड कार्यान्वयन गर्ने, संस्थागत विद्यालयका शिक्षकहरूलाई समेत सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन समन्वय तथा सहजीकरण गर्ने र छात्रवृत्तिलाई पारदर्शी बनाई लक्षित वर्गमा पुऱ्याउने नीति लिइनेछ।

२९. वडा शिक्षा समितिलाई क्रियाशील बनाई अभिभावक शिक्षा सञ्चालन, विद्यार्थीको कक्षाकोठाको सिकाइको निर्भरतालाई स्व-अध्ययन, सिकाइ चौतारीको प्रयोग र सहपाठी सिकाइ जस्ता अभ्यास र परीक्षा प्रणालीलाई पारदर्शी र प्रभावकारी बनाई आधारभूत तहको पूर्ण निःशुल्क शिक्षालाई निरन्तरता दिँदै कक्षा १० सम्म क्रमशः निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति लिइनेछ। विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रध्यानाध्यापक र शिक्षकसँगको कार्यसम्पादन करार सम्झौतालाई निरन्तरता दिइनेछ।

३०. लुम्बिनी प्राविधिक विश्वविद्यालय (L.T.U.) को सहकार्यमा केन्द्रीय क्याम्पस सञ्चालनको लागि आवश्यक प्रक्रिया अघि बढाइनेछ। यस पालिकामा सञ्चालनमा रहेका बहुमुखी क्याम्पसहरूको थप शैक्षिक सुधार, व्यवस्थान, अनुसन्धान र विकासका लागि समन्वय र सहकार्य गरिनेछ।

३१. युवा तथा विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा अतिरिक्त क्रियाकलाप तथा खेलकुदको विकास र प्रभावकारी समन्वयका लागि स्थापित नगर खेलकुद विकास समितिलाई थप क्रियाशील बनाउ(दै लगिनेछ। युवाहरूको सिकाइ अभिवृद्धि र दुर्व्यसनी न्यूनीकरण गर्न क्षमता विकासको अवसर र पुस्तकालय पहुँच बिस्तार गरिनेछ। विशेष संरक्षणको आवश्यकता भएका र अभिभावकविहीन बालबालिकाहरूको निःशुल्क शिक्षाको सुनिश्चितता गरिनेछ।

३२. नगरस्तरीय खेलकुद मैदानलाई स्तरोन्नति गर्दै लगिनेछ। अन्य खेलकुद मैदानहरूको निर्माण तथा स्तरोन्नतिमा जोड दिइनेछ। जिल्लाभित्रका पालिकाहरूको सहकार्यमा अन्तर पालिका खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। सङ्घ, प्रदेश र स्थानीय तहहरूको सहयोगमा राष्ट्रियस्तरका प्रतियोगिताहरूको आयोजनाका लागि पहल गरिनेछ।

३३. विभिन्न खेलका खेलाडीहरूको सीप, दक्षता र कौशल वृद्धि गर्न खेलाडी विकास कार्यक्रम सञ्चालन गरिनेछ। खेलाडीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ। सामाजिक परिचालनको माध्यमबाट युवाहरूको सचेतना, सीप र क्षमता विकास गरिनेछ।

३४. परम्परागत, बहुसांस्कृतिक तथा बहुधार्मिक सहिष्णुता झल्काउने चाडपर्व, मेला र जात्राहरूलाई संरक्षण तथा प्रवर्द्धनको नीति लिइनेछ। नगरभित्र रहेका प्राचीन मन्दिर, गुम्बा, मस्जिद, चर्च लगायतका धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण, मर्मत तथा पुनर्स्थापना गरी लोपोन्मुख तथा अल्पसङ्ख्यक जाति, जनजाति, आदिवासी, दलित, थारु, मधेसी, मुस्लिम लगायतका समुदायको मौलिक, धार्मिक एवं सांस्कृतिक परम्पराहरूको अभिलेखीकरण गरिनेछ।

३५. स्थानीय भाषा, साहित्य, कला, संस्कृति, हस्तकला तथा परम्परागत पेशा ब्यवसाय प्रवर्द्धन तथा प्रोत्साहनको नीति लिइनेछ। स्थानीय रैथाने खानाहरूको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।

३६. स्थानीय पाठ्यक्रमलाई समयानुकूल परिमार्जन गरी नैतिक शिक्षालाई स्थानीय पाठ्यक्रममा समावेश गर्दै नैतिकवान् तथा सिर्जनशील नागरिक तयार गर्ने नीति लिइनेछ।

३७. धार्मिक आस्थाका केन्द्र, पर्यटकीय क्षेत्र, तालतलैया, सिमसार क्षेत्रहरूको संरक्षण, विकास र प्रवर्द्धन गर्ने नीति लिइनेछ। खुला व्यायामशालासहितको चिल्ड्रेन पार्क निर्माण गरिनेछ।

३८. संस्कृति र पर्यटन प्रवर्द्धनका लागि सङ्घ, प्रदेश तथा निजी क्षेत्रसँग सहकार्य गरी दीर्घकालीन योजना बनाइनेछ। महिला, युवा, दलित तथा जनजातिलाई लक्षित गरी संस्कृति-पर्यटनमा आधारित रोजगारी सिर्जना गर्ने नीति लिइनेछ।

सभा सदस्यज्यूहरू,

३९. सङ्घ, प्रदेश र साझेदार संस्थाहरूको सहकार्यमा नगर अस्पताल सेवालाई नवनिर्मित आधुनिक भवनबाट सञ्चालनमा ल्याइनेछ। आपूर्ति व्यवस्थापनलाई "Push and Pull" प्रणालीबाट थप सुदृढ गरिनेछ। एम्बुलेन्स थप गरी सुत्केरी महिला, ८० वर्ष माथिका ज्येष्ठ नागरिक, पूर्ण अपाङ्गता भएका व्यक्तिका लागि नगरक्षेत्रभित्र निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ।

४०. बबई चेपाङ बर्थिङ सेन्टर बाहेक अन्य सबै वडामा रहेका बर्थिङ सेन्टरहरूलाई एकीकृत गर्दै नगर अस्पतालबाट सुरक्षित मातृत्व सेवा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। गर्भवती महिलाका लागि गुणस्तरीय अल्ट्रासाउण्ड सेवा उपलब्ध गराइनेछ।

४१. थारु समुदायमा देखिने सिकलसेल एनेमिया र थाल्सेमिया पहिचान, उपचार तथा जनचेतनामूलक

कार्यक्रम सञ्चालन गरिनेछ ।

४२. स्वास्थ्य संस्था सञ्चालक समितिहरूलाई थप क्रियाशील बनाई स्वास्थ्य सेवाको गुणस्तर सुधार गरिनेछ । जोखिमयुक्त बञ्चित वर्गका लागि विशेष स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ । नगरस्तरीय महामारी, रोग नियन्त्रण तथा विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिनेछ ।

४३. स्वास्थ्यकर्मी, कर्मचारी तथा सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविकाका लागि प्रोत्साहन तथा क्ष(मता विकास कार्यक्रम सञ्चालन गरिनेछ । सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविकालाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषको आबद्धतालाई निरन्तरता दिइनेछ ।

४४. विद्यालय नियमित स्वास्थ्य परीक्षण, किशोर-किशोरी परामर्श सेवा तथा यौन प्रजनन स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ । सङ्घीय सरकारसँगको साझेदारीमा उच्च रक्तचाप, मधुमेह, दम, क्यान्सर, मानसिक स्वास्थ्य जस्ता असाध्य रोग न्यूनीकरण अभियान सञ्चालन गरिनेछ । खोप कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन कोल्डचेन व्यवस्थापन, भण्डारण, खोप खेर जाने दरमा न्यूनीकरण गर्दै सबै बालबालिकालाई अनिवार्य खोप सुनिश्चितताको व्यवस्था गरिनेछ ।

४५. खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी (WASH) योजनालाई कार्यान्वयन गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था र दातृ निकायसँगको सहकार्यमा आवश्यक पूर्वाधार, औषधी, उपकरण, जनशक्ति आदि व्यवस्थापन गरिनेछ । "स्वच्छ भान्सा : स्वस्थ परिवार" को परिकल्पना अनुसार योग, ध्यान, प्राकृतिक चिकित्सा, स्वस्थ जीवनशैली र सकारात्मक चिन्तनका माध्यमबाट स्वस्थ सामाजको निर्माण गर्न प्राकृतिक तथा वैकल्पिक चिकित्सा पद्धति अवलम्बन गरिनेछ ।

४६. सङ्घ, प्रदेश र साझेदार निकायको सहलगानीमा एक घर : एक धाराको नीति अनुरूप आगामी २ वर्षभित्र सबै घरधुरीसम्म सुरक्षित खानेपानीको पहुँच बिस्तार गरिनेछ । नियमन तथा व्यवस्थापनमा एकरूपता कायम गर्न खानेपानी बोर्ड गठन गरिनेछ । खानेपानीको शुद्धता परीक्षण गर्ने अभियानलाई तीब्रता दिइनेछ ।

४७. पूर्ण स्वस्थकर व्यवहार उन्मुख टोल घोषणा कार्यक्रमलाई निरन्तरता दिँदै सामाजिक सुधारका सूचकहरू थप गरी पूर्ण स्वस्थकर पालिका घोषणा गरिनेछ ।

सभा सदस्यज्यूहरू,

४८. बालविवाह अन्त्य, लागुऔषध दुर्व्यसनी तथा साइबर अपराध नियन्त्रण, आत्महत्या रोकथाम, लैङ्गिक तथा घरेलु हिंसा न्यूनीकरण, सामाजिक विकृति विरुद्धको जनचेतना, जातीय छुवाछुतलगायत सबै प्रकारका विभेद विरुद्धका एकीकृत विशेष अभियान सञ्चालन गरिनेछ ।

४९. "सबैका लागि समान अवसर : समावेशी बाँसगढीको आधार !" को मान्यता अनुरूप लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति अवलम्बन गरिनेछ ।

५०. अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सहायक सामग्री निःशुल्क वितरण गरिनेछ । सीप विकास, आयआर्जन तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ । लक्षित वर्गको तथ्याकं सङ् कलन अद्यावधिक गरी लैङ्गिक हिंसा निवारण कोष, बालसंरक्षण कोष मार्फत हिंसापीडित महिला र बालबालिकालाई राहत उपलब्ध गराइनेछ ।

५१. विशेष संरक्षणको आवश्यकता भएका, अभिभावकविहीन बालबालिका, असहाय, सहयोगापेक्षी, विपन्न, ज्येष्ठ तथा अशक्त नागरिकलाई संरक्षण तथा सहायताको नीति लिइनेछ । एक छोरी एक बैङ्क खाता

कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५२. सङ्घ, प्रदेश, सङ्घसंस्था तथा सरोकारवालाहरूको सहकार्यमा बालमैत्री नगरको अवधारणालाई अभियानकै रूपमा तीब्रता दिइनेछ । ज्येष्ठ नागरिकहरूको सम्मान तथा ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्न ज्येष्ठ नागरिक मिलन केन्द्रहरूलाई क्रियाशील बनाइनेछ ।

सभा सदस्यज्यूहरू,

५३. योजनाबद्ध विकासको नीति अनुरूप पञ्चबर्षीय आवधिक योजना र नगर यातायात गरुयोजना निर्माण तथा अद्यावधिक गरी मध्यमकालीन खर्च संरचना तथा आयोजना बैङ्कको स्थापना मार्फत सन्तुलित विकासको नीति अवलम्बन गरिनेछ ।

५४. आयोजना सञ्चालन गर्दा आवश्यकता अनुसार संक्षिप्त वातावरणीय अध्ययन (BES), प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE), वातावरणीय प्रभाव मूल्याङ्कन (EIA), विस्तृत आयोजना प्रतिवेदन (DPR) र सम्भाव्यता अध्ययन जस्ता आवश्यक तयारी तथा प्रक्रिया पूरा गरी आयोजना सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

५५. "भूकम्प प्रतिरोधी संरचना : सुरक्षित जीवनको रचना" को अभिप्राय अनुरूप राष्ट्रिय भवन निम(ाण संहिता र भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन गरी भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड दिइनेछ । निर्माण कार्यमा संलग्न मजदुरहरूका लागि डकर्मी तालिम तथा सचेतनामूलक कार्यक्रमलाई सरोकारवाला बिच विस्तार गरी नयाँ बन्ने भवनहरूको नक्सा पास प्रक्रियालाई अनिवार्य गरिनेछ ।

५६. "विकासमा गरौँ साझेदारी : आयोजना बन्छ प्रभावकारी" को अवधारणा अनुरूप सार्वजनिक, निजी, साझेदारीको नीति लागु गरी सङ्घ, प्रदेश, विकास सझेदार तथा निजी क्षेत्रसमेतको समन्वय र साझेदारीमा ठूला विकास आयोजना तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ । सार्वजनिक पूर्वाधार निर्माण गर्दा विपद् जोखिम संवेदनशील, अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री वनाइनेछ ।

५७. सामाजिक-आर्थिक विकासमा टेवा पुग्ने, छिटो प्रतिफल दिने तथा आम नागरिकको जनजीविकालाई सहयोग पुग्ने गरी आवश्यकतामा आधारित भौतिक पूर्वाधार आयोजना छनोटमा जोड दिइनेछ । टुक्रे आयोजना र अनुत्पादक क्षेत्रको लगानी निरुत्साहित गर्ने नीति लिइनेछ ।

५८. निर्मित संरचनाको दिगोपना र लागत न्यूनीकरणका लागि मर्मतसम्भार कोषलाई परिचालन गरिनेछ ।

५९. विकास निर्माणका आयोजना सञ्चालन गर्दा कार्यान्वयनस्थलमा सिर्जना हुने विवाद, अवरोध र द्वन्द्व न्यूनीकरण गर्दै तोकिएको परिमाण र गुणस्तर तथा निर्धारित समयमा न्यून लागतमा आयोजना सम्पन्न गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई मापनयोग्य सूचकमा आधारित बनाई सघन र संयुक्त अनुगमन प्रद्धति अवलम्बन गरिनेछ । अनुगमनलाई थप प्रभावकारी बनाउन वडा समितिलाई समेत अधिकार प्रत्यायोजन गरिनेछ ।

६०. "विकासको आधार : पूर्वाधारको लागि सडक विस्तार" का लागि नगरपालिका केन्द्र तथा वडा जोड्ने रणनैतिक सडकहरूको स्तरोन्नति र कालोपत्रे गर्न एक वडा : एक गौरवको आयोजना पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

६१. बबई सिँचाइ आयोजनाबाट सिंचित हुन नसकेका पूर्व-पश्चिम राजमार्गदेखि उत्तरतर्फका क्षेत्रमा वृहत् विद्युतीकरणसहितको भूमिगत सिँचाइ आयोजनालाई सङ्घ तथा प्रदेश सरकारको साझेदारीमा सञ्चालन

गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६२. वडास्तरीय हरित स्वयंसेवक समूह गठन गरी जलवायु अनुकूलन तथा जैविक विविधता संरक्षणका कार्यक्रम मार्फत खुला तथा हरियाली क्षेत्र विकास र वृहत् वृक्षारोपण तथा संरक्षणका अभियान सञ्चालन गरिनेछ ।

६३. जल उत्पन्न प्रकोप मूल्याङ्कन तथा जोखिम सिमाङ्कन गरी नदी कटान नियन्त्रण तथा उकास जग्गा संरक्षण गरिनेछ ।

६४. छाडिएका चौपाया व्यवस्थापन गर्न सञ्चालित गौशालालाई बहुआयामिक आर्थिक तथा सांस्कृतिक पर्यटन केन्द्रको रूपमा विकास गरिनेछ ।

सभा सदस्यज्यूहरू,

६५. "सुन्दर हरियाली र सफा सहर : समृद्ध र समुन्नत बाँसगढी नगर" भन्ने मूल मर्मका साथ हरित बाँसगढी निर्माण गर्न वृहत् वृक्षारोपण अभियान सञ्चालन गरिनेछ ।

६६. सञ्चालनमा रहेको फोहोर व्यवस्थापन तथा स्रोत केन्द्रलाई व्यवस्थित बनाउँदै निजी क्षेत्र, सामुदायिक तथा गैरसरकारी सङ्घसंस्थासँगको साझेदीमा नगर सरसफाइ अभियान सञ्चालनमा ल्याई शून्य फोहोर व्यवस्थापन (Zero Waste Landfill) अवधारणालाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

६७. विपद् पूर्व तयारीका क्रियाकलाप सञ्चालन गर्दै विपद् प्रतिकार्य योजना, विपद् पोर्टल सञ्चालन तथा अध्यावधिक गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ । स्थानीय तथा वडास्तरीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाइनेछ ।

६८. एक सामुदायिक वन, एक पानी पोखरी तथा उद्यान अभियान सञ्चालनबाट पर्यापर्यटनमा टेवा पुऱ्याई जैविक विविधता संरक्षण गरिनेछ । वनको दिगो व्यवस्थापन र उपयोगको नीति लिइनेछ ।

६९. "समृद्धिका लागि वन" परियोजनालाई सङ्घ तथा प्रदेश सरकारको साझेदारीमा प्रभावकारी रूपमा कार्यान्वयन गर्दै वन पैदावार, जडीबुटी तथा फलफूलको व्यावसायिक खेती गरी आर्थिक आय आर्जनको स्रोतको रूपमा विकास गरिनेछ ।

७०. "दिगो वातावरणमैत्री विकासको कल्पना : बाँसगढीबासीको चाहना" भन्ने भावना अनुरूप वातावरणमैत्री स्थानीय शासनको अवधारणा लागु गर्दै लगिनेछ ।

७१. मानव र वन्यजन्तुबिचको द्वन्द्व न्यूनीकरणका लागि आवश्यक व्यवस्था गरिनेछ । जङ्गलको छेउछाउमा बस्तीहरूमा तारजाली निर्माण गरिनेछ ।

सभा सदस्यज्यूहरू,

७२. सेवा प्रवाहलाई पारदर्शी, मितव्ययी, गुणस्तरीय एवम् सूचना प्रविधिमैत्री बनाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । तथ्याङ्क विश्लेषणबाट प्राप्त तथ्य र पृष्ठपोषणलाई नीति, योजना तथा कार्यक्रम तर्जुमाको आधार लिइनेछ ।

७३. कर्मचारीको कार्यसम्पादन, कार्यालयमा हुने उपस्थिति, अनुशासन तथा समय पालनालाई कार्यसम्पादन सूचकसँग जोडी मापनयोग्य सूचकमा आधारित पुरस्कार तथा प्रोत्साहनको नीति लिइनेछ ।

७४. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन बमोजिम आवश्यक जनशक्ति पदपूर्ति तथा व्यवस्थापन मिलाइनेछ ।

७५. लेखापरीक्षणबाट देखिएका बेरुजुको समयमै फछ्र्यौट गर्न आन्तरिक नियन्त्रण प्रणालीको विकास गरी

शून्य बेरुजुको नीति अवलम्बन गरिनेछ । वित्तीय स्वच्छता र आर्थिक अनुशासन कायम गर्न सबै प्रकारका भुक्तानीहरू विद्युतीय भुक्तानी प्रणाली मार्फत् गरिनेछ ।

७६. सुशासन तथा दिगो विकासलाई आत्मसात गर्दै यस कार्यालय र अन्तर्गतका कार्यालयबाट हुने सेवा प्रवाहलाई छिटोछरितो र पारदर्शी बनाउन सेवा प्रवाह मापदण्ड लागु गरी भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिइनेछ ।

७७. नीति, कानुन, मापदण्ड र निर्णयको कार्यान्वयन, सम्पत्तिको सुरक्षा र संरक्षण, स्थानीयस्तरमा हुने सभा समारोह, मेला, जात्रा, चाडपर्वको सुरक्षा, बजार तथा पार्किङस्थलको रेखदेख, नगर सरसफाइको मापदण्ड कार्यान्वयन, ऐलानी पर्ति जग्गा संरक्षण तथा विपद् व्यवस्थापन लगायतका कार्य गर्न संविधानले प्रत्याभूत गरेको अधिकार कार्यान्वयनका लागि नगर प्रहरी गठन, सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

७८. सबैका लागि सामाजिक सुरक्षा प्रदान गर्नुका साथै योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हक कार्यान्वयनका लागि स्थानीय संचित कोषबाट पारिश्रमिक पाउने (प्रचलित कानुन बमोजिम निवृत्तभरण पाउने बाहेक) व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ ।

७९. डिजिटल बाँसगढी बनाउन सेवा प्रवाहलाई एकीकृत प्रणालीसँग आबद्ध गरी एकीकृत मोबाइल एप सञ्चालन, सूचना प्रविधिसम्बन्धी क्षमता विकास तथा डिजिटल साक्षरता अभियानको नीति लिइनेछ । डिजिटल सेवा प्रवाहलाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गरी सरल, छरितो र विश्वसनीय बनाइनेछ ।

८०. टोकन प्रणाली, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, नागरिक वडापत्र, सूचनापाटी, सामाजिक सञ्जाल लगायतका माध्यमबाट सेवा प्रवाहलाई पारदर्शी र उत्तरदायी बनाइनेछ । गुनासो व्यवस्थापन लगायत स्थानीय सरकार र जनताबिचको सुमधुर सम्बन्धका लागि जनतासँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिनेछ ।

सभा सदस्यज्यूहरू,

८१. न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनका लागि क्षमता विकास, मेलमिलाप केन्द्रहरूको स्थापना तथा सञ्चालन को नीति लिइनेछ ।

८२. कानुन र मानव अधिकारप्रतिको संवेदनशीलतालाई आत्मसात गरी पीडितको खोज, उद्धार, राहत, पुनर्स्थापना र संरक्षणमा नगर प्रहरी, प्रहरी प्रशासन र सरोकारवालाहरू बिच समन्वय एवम् सहकार्यको नीति लिइनेछ ।

८३. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले भोगचलन गरि आएको जग्गाको नापी कार्य सम्पन्न गरी जग्गाधनी पुर्जा वितरण गरिनेछ ।

सभा सदस्यज्यूहरू,

८४. नगरभित्र सञ्चालित अटोरिक्सा, इ-रिक्सालाई नियमनको दायरामा ल्याई रुटपरमिट तथा भाडादरमा एकरूपता कायम गरिनेछ । पार्किङ ब्यस्थापन गरी चालकहरूका लागि ट्राफिक सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

८५. सडक दुर्घटना न्यूनीकरण र अपराध नियन्त्रण गर्न बाँसगढी क्षेत्रका राजमार्ग तथा मुख्य चोकहरूमा आवश्यकता अनुसार सिसि क्यामरा जडान गरिनेछ । ब्यवस्थित बस पार्क निर्माणको लागि प्रक्रिया अगाडि बढाइनेछ ।

८६. आपसी सम्बन्ध सुमधुर बनाउन, असल अभ्यास तथा अनुभव आदानप्रदान गर्न स्वदेशी तथा विदेशी सहरहरूसँग भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ ।

८७. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकारको प्रयोग गर्दै आर्थिकरूपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरूको खोजी गरी करका दरहरूलाई वैज्ञानिक र न्यायिक बनाउदै दायरा विस्तार मार्फत प्रगतिशील कर प्रणाली अवलम्वन गरिनेछ ।

८८. अपाङ्गता भएका व्यक्तिहरू, अल्पसङ्ख्यक, लोपोन्मुख तथा एकल/विधवा महिलाहरूलाई जुनसुकै प्रकारको व्यवसाय सञ्चालन गर्दा शुरुको व्यवसाय दर्ता शुल्कमा सहुलियतको नीति लिइनेछ ।

८९. राजश्व प्रशासनलाई समयानुकूल सुधार गरी प्रभावकारी बनाइनेछ । राजश्व प्रशासनको क्षमता अभिवृद्धि गरी अनुगमन तथा नियमनलाई तीव्रता दिई राजश्व चुहावट नियन्त्रण गरिनेछ ।

९०. "हाम्रो कर हाम्रै लागि" भन्ने अभियानका साथ निजी क्षेत्रसँगको सहकार्यमा व्यवसाय घुम्ती सेवा तथा करदाता शिक्षा अभियान सञ्चालनमा ल्याइनेछ । व्यावसायिक विमा तथा व्यवसाय प्रोत्साहनको नीति अवलम्बन गरिनेछ । उद्योग बाणिज्य सङ्घको सहकार्यमा कोसेली घर संचालन तथा ब्यवस्थापन गरिनेछ ।

सभा सदस्यज्यूहरू,

प्रस्तुत नीति तथा कार्यक्रमले विकासका प्राथामिकता र बजेट तर्जुमाका आधार तय गरेको छ । नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष रूपमा सहयोग गर्नुहुने नगर उप-प्रमुख, कार्यपालिका सदस्य तथा जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण कर्मचारीहरू, विभिन्न राजनैतिक दलका नेताहरू, साझेदार संघसंस्थाहरू, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी तथा नगरबासीहरूबाट प्राप्त सुझाव र सहयोगका लागि हृदयदेखि धन्यवाद दिन्छु । यसैगरी यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा समेत यहाँहरूको सक्रिय सहभागिता र रचनात्मक सुझाव प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !

.....

खड्क बहादुर खड्का

नगर प्रमुख

२०८२ असार ५ गते

बाँसगढी नगरपालिका नगर उपप्रमुख श्री इन्दिरा चौधरीज्यूद्वारा मिति २०८२।०३।०९ गते नगरसभा समक्ष पेश भएको आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तब्य

यस सम्मानीत सभाका अध्यक्षज्यू, सभाका सदस्यज्यूहरू,
राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी तथा आम जनसमुदाय ।

सर्वप्रथम विभिन्न आन्दोलन तथा सङ्घर्षमा जीवन बलिदान गर्नुहुने सम्पूर्ण सहिदहरूप्रति उच्च सम्मानसहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । आन्दोलन तथा सङ्घर्षका घाइते, अपाङ्ग, सहिद तथा बेपत्ता परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु ।

यस अवसरमा मलाई बाँसगढी नगरपालिकाको उपप्रमुखको हैसियतले नगरसभाको सत्रौँ अधिवेशनको दोस्रो बैठकमा आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा म ज्यादै हर्षित छु ।

स्थानीय तहको दोस्रो निर्वाचन पश्चात तीन वर्ष जनताको सेवामा समर्पित भई नागरिकको अपेक्षाहरू स्थानीय सरकारले पूरा गर्ने पद्धतिको स्थापना भई यसलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अवसरको रूपमा लिएको छु ।

पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपन्छी विकास, स्वरोजगार तथा उद्यमशीलता विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासमा प्राथमिकता हुने गरी स्वीकृत भएको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमका आधारमा सङ्घीय सरकार, प्रदेश सरकारसँग समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित रही दिगो विकास, सुशासन र मानवीय पूँजी निर्माणसहितको आर्थिक समृद्धि र न्यायपूर्ण समाज निर्माणमा उत्पादनमुखी र नतिजामुखी शासकीय प्रणालीलाई सुदृढ गर्ने गरी आर्थिक वर्ष २०८२/०८३ को बजेट पेश गरेको छु ।

सभाका अध्यक्षज्यू,

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उपलब्धिको रूपमा महिला, दलित, आदिबासी जनजाति, पिछडिएको क्षेत्र, वर्ग, समुदायका अल्पसङ्ख्यक, खस-आर्य समुदायका साथै श्रमजीवी वर्गका नागरिकहरूको समानुपातिक सहभागिता सुनिश्चित भएको छ । मलाई थाहा छ, गरिबीको रेखामुनि रहेका आम नागरिकको पीडा, त्यसैले नागरिक तहबाट महसुस गर्ने र नजिकको सरकारको अनुभूति दिलाउन विकास, सुशासन र सेवाप्रवाहका क्षेत्रमा नागरिकको सहभागिता वृद्धि गर्न स्थानीय सरकार सदैव प्रतिवद्ध रहेको छ ।

"सुन्दर हरियाली र सफा सहर : समृद्ध र समुन्नत बाँसगढी नगर" भन्ने सोचलाई यथार्थमा परिणत गर्न अन्तर-सरकार, गैरसरकारी संघसंस्था, निजी र सहकारी क्षेत्र समेतलाई परिचालन गरी उपलब्ध स्रोत र क्षमताको उपयोग गर्ने लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति विकास गर्न आवश्यक छ ।

सभा अध्यक्ष महोदय,

चालु आर्थिक वर्षको संशोधित आय अनुमान रू. ९० करोड ३७ लाख भएकोमा हालसम्म रू. ६९ करोड ७३ लाख खर्च भई ७७ प्रतिशत प्रगति भएको छ । यस आर्थिक वर्षको हालसम्म चालुतर्फ संशोधित विनियोजन रू. ५० करोड ८१ लाख रहेकोमा खर्च रू. ४० करोड ३४ लाख भई ७९.५ प्रतिशत प्रगति भएको छ । चालु

आर्थिक वर्षमा पूँजीगत तर्फ संशोधित विनियोजन रू. ५५ करोड २२ लाख भएकोमा हालसम्म रू. २९ करोड ९४ लाख अर्थात ५४.२ प्रतिशत खर्च भएको छ ।

सभा अध्यक्ष महोदय,

अब म उल्लेखित खर्चबाट यस अवधिमा भएका मुख्य-मुख्य उपलब्धिहरू पेश गर्दछु ।

पूर्वाधार विकासतर्फ

बाँसगढी नगरपालिकाभित्र चालु आर्थिक वर्षको जेठ मसान्तसम्म सडक कालोपत्रे २० किलो मिटर, सडक ग्राभेल २४ किलो मिटर, सडक स्तरोन्नति ३२ किलो मिटर निर्माण भएको छ । वडा नं. ३ र ७ को प्रशासनिक भवन निर्माण सम्पन्न भएको छ । १५ शैयाको नगर अस्पताल निर्माण कार्य अन्तिम चरणमा रहेको छ । मानव र वन्यजन्तु बिचको द्वन्द न्यूनीकरणका लागि ६ किलो मिटर तारजाली जडान भएको छ । ढल निकासका लागि ५०० मिटर नाली निर्माण भएको छ । सिँचाइका लागि १७ स्यालो ट्युववेल जडान कार्य सम्मन्न भएको छ । एक वडा एक गौरवका आयोजना अन्तर्गत ९ वटा रणनीतिक सडक निर्माण प्रारम्भ भएका छन् ।

शिक्षा, युवा तथा खेलकुदतर्फ

बाँसगढी नगरपालिकाभित्र हाल सामुदायिक ३९, धार्मिक १ र संस्थागत १६ गरी कुल ५६ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०८१ मा बाल विकासदेखि कक्षा १२ सम्म सामुदायिक विद्यालयतर्फ ११ हजार २०० जना, संस्थागत विद्यालयतर्फ ६ हजार ५०० जना गरी कुल १७ हजार ७०० जना विद्यार्थीहरू अध्ययन गरेका थिए । बाँसगढी नगरपालिकाको शैक्षिक सत्र २०८१ मा बाल विकास कक्षाको कुल भर्नादर १०७ प्रतिशत, बाल विकास केन्द्रको खुद भर्ना दर ९९ प्रतिशत रहेको छ । बाँसगढी नगरपालिकाको कक्षा १ को कुल भर्ना दर १०५ प्रतिशत रहेको छ । कक्षा १-५ को उत्तीर्णदर ९६ प्रतिशत, कक्षा ६-८ को उत्तीर्ण दर ९६.३ प्रतिशत, कक्षा ९-१० को उत्तीर्ण दर ८८ प्रतिशत तथा कक्षा ११-१२ को उत्तीर्ण दर ७५.४ प्रतिशत रहेको छ । खेलकूल विकास समिति गठन भई क्रियाशील रहेको छ । खेलकूलका विभिन्न विधाहरूमा नगरपालिकाले उत्कृष्ट नतिजा हासिल गरेको छ । बाँसगढीका खेलाडी सधैँ अगाडि भन्ने नाराले सार्थकता पाएको छ ।

स्वास्थ्यतर्फ

यस बाँसगढी नगरपालिका अन्तर्गत १ वटा नगर अस्पताल, २ वटा स्वास्थ्य चौकी, ६ वटा आधारभूत स्वास्थ्य केन्द्र र २ वटा सहरी स्वास्थ्य केन्द्र, १५ वटा गाउँघर क्लिनिक र २५ वटा खोप केन्द्रबाट आधारभूत स्वास्थ्य सेवाहरू प्रवाह भइरहेको छ । १०३ जना सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको छ । नगर अस्पतालबाट निःशुल्करूपमा सिकेलसेल जाँच तथा उपचार सेवा प्रारम्भ गरिएको छ । ८०० जना महिलाहरूलाई पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ शिविर सञ्चालन गरिएको छ । नगर अस्पतालमा डाक्टरसहितको बिहान ७ देखि बेलुका ७ सम्म आकस्मिक तथा नियमित सेवा प्रदान गरिएको छ । मानसिक स्वास्थ्य र आयुर्वेद स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ । पूर्ण सोप सुनिश्चितताका लागि सबै प्रकारका निर्धारित खोप अभियानहरू सघनरूपमा सञ्चालन भएका छन् । १५ शैयाको आधारभूत नगर अस्पतालको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक समावेशीकरण तर्फ

"एक छोरी एक बैङ्क खाता" कार्यक्रम मार्फत हालसम्म ६८७ जना छोरीहरू लाभान्वित भएका छन् ।

सुत्केरी महिला तथा नवजात शिशुको पोषणस्तरको ख्याल गर्दै सुत्केरी महिलालाई ध्यू, मह तथा अन्य पोषण सामग्री, सेनिटरी प्याड लगायतका सामग्रीहरू "सुत्केरी महिलालाई कोसेली प्रदान कार्यक्रम" मार्फत उपलब्ध गराइएको छ। "असहाय" अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरूलाई घर दैलोमा स्वास्थ्य जाँच गरी निःशुल्क औषधी वितरण गरिएको छ। निरन्तर रूपमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूका लागि परिचयपत्र वितरण कार्य गरिएको छ। महिला उद्यमशीलता, सशक्तिकरण र सिप विकासका कार्यक्रमहरू कार्यान्वयनमा आई नेतृत्व विकास र उद्यमशीलता प्रवर्द्धन भएको छ।

खानेपानी, सरसफाइ तथा फोहरमैला व्यवस्थापनतर्फ

बाँसगढी नगरपालिकामा सरसफाइ केन्द्र स्थापना गरी नगरका बजार क्षेत्रबाट फोहोर व्यवस्थापन सम्बन्धी कार्य नियमित रूपमा भइरहेको छ। ११ वटा टोललाई पूर्ण स्वस्थकर व्यवहार उन्मुख टोल घोषणा गरिसकिएको छ। ७१ वटा खानेपानीका बायोसेन्ड फिल्टर वितरण भएका छन्। सुरक्षित खानेपानी सुनिश्चितताको लागि सङ्घ, प्रदेश र साझेदारहरूको सहकार्यमा खानेपानी आयोजनाहरूको सञ्चालन तथा व्यवस्थापन भएको छ। खानेपानी परीक्षण प्रयोगशाला स्थापना भई सञ्चालनको तयारीमा रहेको छ।

सामाजिक सुरक्षा तथा पञ्जीकरण

यस आर्थिक वर्षको हालसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कुल लाभग्राही सङ्ख्या ६ हजार ५ सय ८६ रहेको र तेस्रो त्रैमासिकसम्ममा निजहरूलाई रू. १८ करोड ३५ लाख ८९ हजार ६ सय ५ रूपैयाँ वितरण गरिसकिएको छ। ७० जना मृगौला रोगीहरूका लागि दिइँदै आएको मासिक उपचार खर्च प्रदान गरिएको छ। व्यक्तिगत घटना दर्तातर्फ कुल २२८० घटना दर्ता भएका छन्।

कृषि विकासतर्फ

५० प्रतिशत अनुदानमा किसानहरूलाई ९०० वटा सिँचाइ मोटर वितरण गरिएको छ। १३४ किसानलाई ५० प्रतिशत अनुदानमा पाडी वितरण गरिएको छ। कृषि बिमालाई निःशुल्क गरिएको छ। किसानहरूलाई २८ वटा मिनी टिलर वितरण गरिएको छ। अनुदानमा उन्नत जातका धान र गहुँको बीउ उपलब्ध गराइएको छ। च्याउ तथा आलु खेती प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ। माटो परीक्षण प्रयोगशाला स्थापना गरिएको छ। आकस्मिक तथा नियमित प्राविधिक सेवा उपलब्ध गराइएको छ। किसान सूचीकरणको कार्य सम्पन्न भएको छ। किसान डायरी वितरण कार्य सुरु गरिएको छ।

पशुपंक्षी तथा मत्स्य विकासतर्फ

पशुधन जोखिम न्यूनीकरणका लागि पशु बिमा कार्यक्रम मार्फत् पशु बिमा वापत ३५ लाख प्रिमियम भुक्तानी गरिएको छ। उत्पादन साथमा अनुदान हातमा कार्यक्रम अन्तर्गत पशु सुत्केरी पोषण सुधारका लागि ८०० सुत्केरी भैसी र गाईको सुत्केरी पोषण भत्ता उपलब्ध गराइएको छ। हिउँदे तथा बर्षे घाँसको बीउ र आकस्मिक पशुपन्छी उपचारका लागि औषधी तथा प्राविधिक सेवा उपलब्ध गराइएको छ ।

सहकारी तथा भूमि ब्यवस्थापनतर्फ

सहकारीहरूको समन्वय, सहकार्य र नियमन सहजताका लागि नगरस्तरीय सहकारी सञ्जाल गठन गरिएको छ। सहकारी क्षेत्रको नियमित अनुगमन तथा नियमन भएको छ। सहकारीहरूसँगको साझेदारीमा ८० जना महिलाहरूको लागि अचार उत्पादन तथा बजारीकरणसम्बन्धी तालिम सञ्चालन भएको छ। सहकारीका व्यवस्थापक र अध्यक्षहरूसँग परामर्श कार्यशाला सञ्चालन गरिएको छ। जग्गा मूल्याङ्कन तथा वर्गीकरणका लागि भूउपयोग योजना बनाइएको छ। ८२०० भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा

अव्यवस्थित बसोबासीलाई निस्सा वितरण गरी नगरपालिकास्तरको नाप नक्साको कार्य अन्तिम चरणमा पुगेको छ ।

श्रम, रोजगार तथा उद्यम विकासतर्फ

बृहत् युवा सम्मेलन आयोजना गरी नगर रोजगार रणनीतिक योजना तर्जुमा गरिएको छ । युवा तथा महिलाहरूको लागि उद्यमशीलता, सीप विकास, प्रविधि हस्तान्तरण र पुनर्ताजगी कार्यक्रमहरू सञ्चालन गरिएका छन् । राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालनमा आई सूचीकृत बेरोजगारहरूलाई १०० दिनको रोजगार उपलब्ध गराइएको छ ।

सुशासन, संस्थागत विकास तथा सेवा प्रवाहतर्फ

कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास कार्यक्रम भएको छ । वडा सचिव तथा अन्य कर्मचारीहरूलाई डिजिटल साक्षरता तथा सेवा प्रवाहका सम्बन्धमा अभिमुखीकरण गरिएको छ । हालसम्म १८,३५० जना सेवाग्राहीलाई प्रत्यक्ष सेवा प्रवाह गरिएको छ । चौमासिक सार्वजनिक सुनुवाई तथा प्रगति समीक्षा सम्पन्न भएका छन् । लोकल डेटा सेन्टर स्थापना गरी डिजिटल बाँसगढी भर्सन २ मार्फत विद्युतीय शासन पद्धती तर्फको यात्रा प्रारम्भ भएको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा ९५ अङ्क सहित प्रदेशमा उत्कृष्ट अङ्क प्राप्त गर्ने नगरपालिकाभित्र पर्न सफल भएको छ । आर्थिक वर्ष २०८०/०८१ मा ०.५ प्रतिशत न्यून बेरुजु भई ग्रीन जोनमा पर्न सफल भएको छ ।

न्यायिक कार्यसम्पादनतर्फ

चालु आर्थिक वर्षमा न्यायिक समितिमा दर्ता भएका ३५ उजुरी/गुनासो रहेकोमा २७ फछ्र्यौट भएका छन् । मेलमिलाप कर्ता र न्यायिक समिति सदस्यहरूलाई क्षमता विकास र मानब अधिकारसम्बन्धी तालिम प्रदान गरिएको छ ।

वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ

चालु आर्थिक वर्षको जेठ मसान्तसम्म १५१ परिवारलाई राहत तथा आर्थिक सहायता वितरण गरिएको छ । नगरपालिका क्षेत्रभित्र ५००० भन्दा बढी फलफुल तथा विरुवा रोपण गरिएको छ । दमकल र एम्बुलेन्स सेवा सञ्चालन गरिएको छ ।

सभाका अध्यक्ष महोदय,

अब म उल्लेखित प्रगति हासिल गर्ने क्रममा भोगिएका मुख्य मुख्य समस्या तथा चुनौतीहरू प्रस्तुत गर्दछु ।

समस्या तथा चुनौतीहरू

- अर्थतन्त्रमा आएको मन्दीसँगै राजश्व बाँडफाँड, समानीकरण अनुदान तथा आन्तरिक राजस्वतर्फ प्राप्त सिलिङ तथा अनुमान बमोजिमको रकम प्राप्त हुन नसक्नु,
- तहगत सरकारका बाझिएका कानुनका कारण कार्यसम्पादनमा असहज हुनु,
- सार्वजनिक निर्माणलाई गुणस्तरीय र समयमै सम्पन्न गर्नु,
- असिमित जनकाङ्क्षा र सीमित स्रोत साधनबिच तालमेल गरी अधिकतम जनसन्तुष्टि कायम गर्नु,
- विकास निर्माण र व्यवस्थापनमा अर्थपूर्ण जनसहभागिता कायम गर्नु,
- जनप्रतिनिधि र कर्मचारीप्रतिको नागरिकको दृष्टिकोण सकारात्मक तुल्याउनु ।

उल्लेखित उपलब्धि, समस्या र चुनौतीका आधारमा आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रम निर्माणका निम्नलिखित आधारहरू प्रस्तुत गर्दछु ।

- नेपालको संविधान,
- सङ्घ, प्रदेश र स्थानीय तहका आवधिक योजना,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- संघ,प्रदेश र स्थानीय तहका कानुनहरू,
- दिगो विकासका लक्ष्य २०१६ देखि २०३०,
- बाँसगढी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम,
- विभिन्न सरोकारवालासँगको छलफलबाट प्राप्त सुझाव तथा नगरबासी जनताका आवश्यकता र अपेक्षा ।

सभाध्यक्ष महोदय,

उपलब्ध अवसरलाई मनन् गर्दै स्थानीय उत्पादन, उत्पादकत्व र रोजगारीको अवसर बढाउने एवम् भौतिक, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी समृद्धि हासिल गर्न आधार तयार गर्ने तर्फ यो बर्षको बजेटमा जोड दिएको छु । विकासको समन्यायिक वितरण गरी समावेशी विकास गर्नुपर्ने आवश्यकता महसुस गरी बजेटका उद्देश्य तथा प्राथमिकता तय गरेको छु ।

आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्य तथा प्राथमिकताहरू देहाय बमोजिम रहेका छन् :

बजेटका उद्देश्यहरू

- गुणस्तरीय भौतिक पूर्वाधार र सडक सञ्जालको विकास गर्ने,
- विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गरी खेलकुदको माध्यमबाट सक्षम विद्यार्थी तयार गर्ने,
- कृषियोग्य भूमिको उर्वराशक्ति पुनर्स्थापना गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- उद्यमशील, स्वरोजगार र स्वावलम्बी नागरिक तयार गर्ने,
- सुशासन र प्रविधिमैत्री सेवा प्रवाह मार्फत सार्वजनिक सेवाको गुणस्तर अभिबृद्धि गर्ने ।

  उल्लेखित उद्देश्यहरू पूरा गर्न सम्मानीत सभा समक्ष बाँसगढी नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रमको प्राथमिकताहरू निर्धारण गरेको छु ।

बजेटका प्राथमिकताहरू

- दिगो पूर्वाधार विकास,
- शिक्षा र स्वास्थ्य,
- कृषि तथा पशुपन्छी विकास, रोजगारी र उद्यमशीलता,
- वन, वातावरण विपद् व्यवस्थापन र पर्यटन प्रवर्द्धन
- सुशासन र संस्थागत विकास ।

सभा अध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०८२/८३ का मुख्य मुख्य बजेट तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

विकासको आधार : दिगो र गुणस्तरीय पूर्वाधार

एक वडा एक गौरव सडक पूर्वाधार आयोजनातर्फ रणनैतिक सडकका लागि रू. २३ करोड ९५ लाख विनियोजन गरेको छु । बबइ सिँचाइ आयोजनाबाट सिँचित हुन नसकेका खेतियोग्य क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउन विद्युतीकरण सहितको बृहत् सिँचाइ आयोजना निरन्तरताको लागि रू. ४५ लाख विनियोजन गरेको छु । सङ्घ, प्रदेस र नगर विकास कोष समेतको साझेदारीमा आगामी २ वर्षभित्र

सबै घरधुरीमा सुरक्षित खानेपानी पुऱ्याउन बाँसगढी बृहत् सहलगानी खानेपानी आयोजनाको लागि आबश्यक रकम विनियोजन गरेको छु। निर्मित संरचनाको दिगोपना र शीघ्र मर्मतका लागि मर्मत संभार कोषतर्फ आवश्यक रकम विनियोजन गरेको छु। पूर्वाधार विकास साझेदारीका लागि समपुरकतर्फ रू. २ करोड ६० लाख विनियोजन गरेको छु। पुर्वाधार विकास तर्फ जम्मा रू. ३४ करोड ६२ लाख विनियोजन गरेको छु।

शिक्षामा लगानी : मानवीय पूँजी निर्माणको थालनी

गुणस्तरीय विद्यालय पूर्वाधार निर्माणका लागि रू. १ करोड २५ लाख विनियोजन गरेको छु। विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि विज्ञान विषयमा कक्षा ११ र १२ अध्ययन गर्न नगर उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। विद्यालयलाई प्रविधिमैत्री बनाउन रकम विनियोजन गरेको छु। निःशुल्क तथा गुणस्तरीय शिक्षाका लागि मुख्य विषयहरूमा अतिरिक्त कक्षा सञ्चालन, पढ्दै कमाउँदै कार्यक्रम, हरित विद्यालय कार्यक्रम, सङ्गीतमय पि.टी. तथा लेखन सुधार कार्यक्रम समेतका लागि आवश्यक बजेट विनियोजन गरेको छु। यस क्षेत्रमा रहेका बहुमुखी क्याम्पसहरूलाई दिँदै आएको अनुदानलाई निरन्तरता दिएको छु। नगर अनुदान शिक्षकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रमका लागि रू. १५ लाख विनियोजन गरेको छु। बाँसगढीका खेलाडी सधैँ अगाडि कार्यक्रम सञ्चालन गर्न नगर खेलकुद विकास समितितर्फ रू. ३० लाख विनियोजन गरेको छु। एक वडा एक नमुना विद्यालय कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। नगरस्तरीय खेल मैदान लगायत खेल मैदानहरूको स्तरोन्नतिका लागि आवश्यक रकम विनियोजन गरेको छु। शिक्षा, युवा, खेलकुदतर्फ रू.३१ करोड १७ लाख विनियोजन गरेको छु।

स्वास्थ्यमा लगानी : स्वस्थ जिन्दगानी

आधारभूत नगर अस्पतालका लागि उपकरण खरिद, ब्यवस्थापन, गुणस्तरीय प्रयोगशाला र विषेशज्ञ सेवा सञ्चालनका लागि रू. ८० लाख विनियोजन गरेको छु। नगर अस्पतालको नवनिर्मित भवन सम्पन्न गर्न आवश्यक रकम विनियोजन गरेको छु। सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविकाहरूका लागि सामाजिक सुरक्षा कोषतर्फ रू. २७ लाख विनियोजन गरेको छु। सिकलसेल एनिमिया तथा थाल्सेमियाको जाँच तथा उपचारको लागि आवश्यक रकम विनियोजन गरिएको छ। ८० वर्ष उमेर पुगेका जेष्ठ नागरिक, प्रसुति महिला तथा 'क' वर्गका अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन तथा एम्बुलेन्स खरिदका लागि रू. २४ लाख विनियोजन गरेको छु। पूर्ण स्वस्थकर ब्यवहार उन्मुख टोल तथा पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा र निःशुल्क औषधी ब्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु। योग, ध्यान तथा प्राकृतिक/वैकल्पिक चिकित्साका लागि आवश्यक रकम विनियोजन गरेको छु। मदन-आश्रित स्मृति पार्क बाँसगढीमा खुला व्यायामशाला निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु। बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्न रकम विनियोजन गरेको छु। स्वास्थ्य तथा सरसफाइतर्फ रू. ५ करोड १९ लाख रकम विनियोजन गरेको छु।

कृषिमा उत्पादकत्व वृद्धिः बाँसगढीको समृद्धि

कृषि उत्पादनमा प्रतिएकाइ लागत घटाई आधुनिकीकरण र ब्यवसायीकरण गर्न ५० प्रतिशत अनुदानमा मिनी टिलर हस्तान्तरण कार्यक्रमका लागि रू. ९० लाख विनियोजन गरेको छु। गहुँ, मकै, आलु, च्याउको बिउमा अनुदान तथा कृषि बिमाको लागि आवश्यक रकम विनियोजन गरेको

छु। किसानको सम्मान हाम्रो अभियान अन्तर्गत किसान परिचयपत्र तथा किसान डायरी र हाट बजार व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु। अर्गानिक उत्पादनमा बाँसगढी कार्यक्रमका लागि प्राङ्गारिक मल कारखाना निर्माण तथा सञ्चालन गर्न रू. १ करोड ६५ लाख विनियोजन गरेको छु। कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बिउ बिजन सुदृढीकरण कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। पशुपालक किसानलाई ५० प्रतिशत अनुदानमा विद्युतीय चारा मेसिन हस्तान्तरण कार्यक्रमका लागि रू. ६३ लाख विनियोजन गरेको छु। पशुपन्छी बिमा कार्यक्रमलाई निरन्तरता दिन रू. ३८ लाख विनियोजन गरेको छु। सुत्केरी पशु पोषण कार्यक्रमलाई निरन्तरता दिन रू. २० लाख विनियोजन गरेको छु। पाडी पालन कार्यक्रम, पशु खोप सेवा कार्यक्रम र गौशाला व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु। बाखा प्रवर्धन कार्यक्रम, घाँसे वाली स्रोत केन्द्र तथा गाईभैसी स्रोत केन्द्र कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। कृषि तथा पशुपन्छी विकास कार्यक्रमतर्फ रू. ४ करोड ९२ लाख विनियोजन गरेको छु।

"सबैका लागि समान अवसर : समावेशी बाँसगढीको आधार !"

बालविवाह, लागुऔषध दुर्व्यसनी लगायतका सामाजिक विकृति विरुद्धका अभियान सञ्चालनका लागि रू. १० लाख विनियोजन गरेको छु। लैङ्गिक समताका लागि एक छोरी एक बैङ्क खाता कार्यक्रम निरन्तरताको लागि रू. १५ लाख विनियोजन गरेको छु। विपन्न दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, अल्पसङ्ख्यक, सिमान्तकृत, यौनिक तथा अल्पसङ्ख्यक लक्षित कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। असङ्गठित तथा जोखिमयुक्त क्षेत्रका श्रमिक तथा द्वन्द्व पीडित महिलाहरूका लागि जीवन बिमा कार्यक्रमतर्फ आवश्यक रकम विनियोजन गरेको छु। मानवीय सेवा र असहायहरूका लागि कपडा बैङ्क स्थापना गर्न आवश्यक रकम विनियोजन गरेको छु। महिला, बालबालिका, ज्येष्ठ नागरिक र समावेशीकरणतर्फ रू. ५७ लाख विनियोजन गरेको छु।

बाँसगढीका युवा र महिला : उद्यमशिलतामा पहिला

बाँसगढीका युवाहरूको सिप, प्रविधि र व्यावसायिकता विकासका लागि उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्न रू. २० लाख विनियोजन गरेको छु। रिटर्नी युवा कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु। असङ्गठित क्षेत्रका श्रमिकको श्रम शोषण तथा ठगी न्यूनीकरणका लागि श्रम कार्ड मार्फत नियमन गर्न आवश्यक रकम विनियोजन गरेको छु। श्रम, रोजगार तथा उद्यमशीलतातर्फ रू. ४४ लाख विनियोजन गरेको छु।

सुन्दर,सफा, गाउँ-सहर : बाँसगढी बासीको रहर

Green and Clean बाँसगढीका लागि फोरमैला तथा सरसफाइ कार्यक्रम सञ्चालन गर्न रू. २० लाख विनियोजन गरेको छु। वैकल्पिक ऊर्जा प्रवर्द्धनका लागि साझेदारीमा सुधारिएको चुलो, बायोग्यास र विद्युतीय चुलो वितरणका लागि आवश्यक रकम विनियोजन गरेको छु। विपद् पूर्व तयारी, प्रतिकार्य तथा विपद् जोखिम न्यूनिकरणका लागि रू. ३८ लाख विनियोजन गरेको छु। मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि आवश्यक रकम विनियोजन गरेको छु। समृद्धिका लागि वन परियोजनातर्फ रू. ४५ लाख विनियोजन गरेको छु। वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ रू. १ करोड २० लाख विनियोजन गरेको छु।

प्रविधिमैत्री र पारदर्शी प्रशासन : सेवा प्रवाहमा सुशासन

संस्थागत विकास, सेवा प्रवाह र सुशासनका लागि जनशक्ति, जनप्रतिनिधि र जनसहभागिताको विकास गरी स्थानीय सरकार र जनताबिचको सम्बन्ध सुमधुर बनाउन क्षमता विकासका कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। हाम्रो कर : हाम्रै लागि भन्ने मान्यतालाई कार्यान्वयन गर्न करदाता शिक्षा र व्यावसायिक बिमा कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। स्थानीय उत्पादनको बजारीकरण र प्रवर्द्धनको लागि बाँसगढी उद्योग वाणिज्य सङ्घको सहकार्यमा कोसेली घर निर्माण गर्न रकम विनियोजन गरेको छु। विकास र सेवा प्रवाहका विषयमा जनगुनासो तथा सुझाव प्राप्त गर्न र असल अभ्यासहरूको उजागर गर्न जनतासँग जनप्रतिनिधि कार्यक्रम र हाम्रो नगरपालिका : राम्रो नगरपालिका कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

मेलमिलाप तथा न्यायिक निरूपणलाई सुव्यवस्थित गर्न न्यायिक समिति सञ्चालन तथा व्यवस्थापनका लागि रू. १५ लाख विनियोजन गरेको छु। भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अब्यवस्थित बसोबासीहरूलाई जग्गा नापनक्सा गरी जग्गाधनी पुर्जा वितरणका लागि आवश्यक रकम विनियोजन गरेको छु। सहकारी प्रवर्धन तथा नियमनका लागि रकम विनियोजन गरेको छु। नगर प्रहरी गठन तथा परिचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु। नगरपालिकाको सञ्चित कोषबाट पारिश्रमिक भुक्तानी हुने सेवा करार तर्फका कर्मचारीहरूको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रमका लागि रू. ५५ लाख विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०८२।८३ को आय तथा व्यय अनुमान पेश गर्दछु ।

चालुतर्फ सङ्घीय सरकारको रू. ३० करोड ५५ लाख र नगरपालिकातर्फको रू. १४ करोड ४ लाख सहित रू. ४४ करोड ५९ लाख कुल विनियोजनको ४७.३० प्रतिशत विनियोजन गरेको छु। पूँजीगततर्फ सङ्घीय सरकारको रू. ३ करोड ४ लाख, प्रदेश सरकारको रू. २ करोड ४७ लाख र नगरपालिका तर्फ रू. ४४ करोड १५ लाख गरी जम्मा रू. ४९ करोड ६६ लाख कुल विनियोजनको ५२. ७० प्रतिशत विनियोजन गरेको छु।

वडा कार्यालयको प्रशासनिक खर्च रू. ३१ लाख ५० हजार र नगरपालिका तर्फ रू. १३ करोड ७२ लाख ५० हजार सहित प्रशासनिक खर्च रू. १४ करोड ४ लाख कुल विनियोजनको १४.८९ प्रतिशत मात्र विनियोजन गरेको छु। प्रशासनिक खर्चलाई वाञ्छित सीमाभित्र कायम गरेको छु।

उल्लेखित कुल व्ययका लागि सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू. १५ करोड ६१ लाख, शसर्त अनुदान रू. ३२ करोड ७० लाख, सङ्घीय समपूरक अनुदान रू. ८९ लाख र राजस्व बाँडफाँड रू. १४ करोड ५१ लाख गरी जम्मा रू. ६३ करोड ७० लाख, प्रदेश सरकारको वित्तीय समानिकरण अनुदान रू. १ करोड ७ लाख, प्रदेश सशर्त अनुदान रू. १ करोड १० लाख, समपूरक अनुदान रू. १ करोड २० लाख र राजस्व बाँडफाँडतर्फ रू.२ करोड ५० लाख गरी जम्मा रू. ६ करोड ४१ लाख र रोयल्टी बाँडफाँडबाट रू. ७५ लाख, घरजग्गा रजिष्ट्रेशनतर्फ रू. २ करोड ७५ लाख र चालु आर्थिक वर्षको अनुमानित मौज्दात रू. १६ करोड गरी जम्मा रू. ९४ करोड २५ लाख आय अनुमान गरेको छु। अर्थतन्त्रमा आएको शिथिलता, कार्यान्वयनमा आएको ब्यवधान र यथार्थपरक आय अनुमानको आवश्यकताका कारण चालु आर्थिक बर्षको प्रस्तावित आय अनुमान रू. १०६ करोडको

तुलनामा आगामी वर्षको आय अनुमान रू. ११ करोड ७५ लाख (११ प्रतिशत) ले कमी हुन आएको छ। चालु आर्थिक वर्षको आन्तरिक राजस्वतर्फको अनुमान रू. ३५ करोड १७ लाख भएकोमा आगामी आर्थिक वर्षमा आन्तरिक आयतर्फ राजस्वको अनुमान रू. २१ करोड गरेको छु। कर, शुल्क तथा दस्तुरलाई वैज्ञानिक तुल्याउँदै करका दायराहरू बढाएको छु। आधारभूत करका दरहरूलाई न्यूनीकरण गरी नयाँ क्षेत्रहरू पहिचान गरिएको छ। राजस्व प्रशासन सुधार तथा करदाता शिक्षा अभियानलाई करदातामैत्री बनाई आन्तरिक आय वृद्धि हुने विश्वास लिएको छु।

सभाध्यक्ष महोदय,

प्रस्तुत आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माणका लागि आफ्ना अमूल्य राय, सुझाव र मार्गदर्शन गर्नुहुने नगरप्रमुख तथा सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, रचनात्मक सुझाव प्रदान गर्नुहुने राजनीतिक दल, सङ्घसंस्था, समाजसेवी, बुद्धिजीवी, सञ्चारकर्मीलगायत आम नगरबासी एवम् बजेट तथा कार्यक्रम तयारीका लागि अहोरात्र खट्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवकहरूमा हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्दछु। प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनमा समेत यहाँहरूको अर्थपूर्ण सहभागिता र सहकार्य हुने विश्वास लिएको छु।

धन्यवाद।

इन्दिरा चौधरी
(नगर उपप्रमुख)

इति सम्बत २०८२ साल असार महिनाको ९ गते रोज २ शुभम्।

आ.व. २०८२/८३ को आर्थिक ऐन

प्रस्तावनाः बाँसगढी नगरपालिकाको आर्थिक बर्ष २०८२।८३ को अर्थ सम्बन्धि प्रस्तावित क्रियाकलाप कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यबस्था गर्न वाञ्छनीय भएकोले नेपालको सबिधानको धारा ५७ को उपधारा ४ तथा धारा ५९ को उपधारा (१) तथा २२८ को उपधारा (२) बमोजिम बाँसगढी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :— (१) यस ऐनको नाम **"बाँसगढी नगरपालिकाको आर्थिक ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि बाँसगढी नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. सम्पति कर :— नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घर र सो घरले चर्चेको जग्गामा सम्पति कर लगाइने र असुल उपर गरिनेछ । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा बुझिनेछ।

३.भूमि कर :— नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर लगाइने र असुल उपर गरिनेछ ।

४.घर /जग्गा वहाल कर :— नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यबसाय कर :— नगरपालिका क्षेत्रभित्र व्यापार, व्यबसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यबसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. प्राइभेट, साझेदारी फर्म दर्ता तथा नवीकरण :— नगरपालिका क्षेत्रभित्र सञ्चालित पाँच लाख रुपैयाँसम्म पुँजी भएका उद्योग, व्यापार, व्यवसायले व्यवसायको प्रकृतिका आधारमा अनुसूची (५) मा उल्लेख भए बमोजिम लुम्बिनी प्रदेशको "प्राइभेट फर्म दर्ता नियमावली २०७६" तोकेको शुल्क लिई प्राइभेट, साझेदारी फर्म दर्ता वा नवीकरण गरिनेछ ।

७. वन पैदावार/ जडिबुटी, कवाडी र जीवजन्तु कर तथा शुल्क :— नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची (६) बमोजिमको कर लगाईने र असूल उपर गरिनेछ साथै जैबिक विविधता संरक्षण तथा बन बिकास तथा संभारका लागि नगरपालिका क्षेत्रमा उत्पादन हुने वन पैदावर तथा नदिजन्य पदार्थ निकासीमा अनुसुचि बमोजिमको शुल्क लगाई असुल उपर गरिने छ।

८. सवारी साधन कर :— नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (७) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यबस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. विज्ञापन कर :— नगरपालिका क्षेत्रभित्र हुने बिज्ञापन अनुसूचि (८) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०.मनोरन्जन कर :— नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन क्रियाकलाप संचालनमा अनुसूची (९) बमोजिम लुम्बिनी प्रदेश सरकारले तोके बमोजिमको दरमा मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ ।

११.बहाल बिटौरी शुल्क :— नगरपालिका क्षेत्रभित्र अनुसूची (१०) मा उल्लेख भए बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. पार्किङ शुल्क :— नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (११) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. सेवा शुल्क दस्तुर :— नगरपालिकाले सेवा उपलब्ध गराए वापत यस ऐनको अनुसूची (१२) मा उल्लेख भए बमोजिम सेवा शुल्क तथा दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

१४. फोहोरमैला ब्यबस्थापन शुल्क :— नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला ब्यबस्थापन गरे गराए वापत अनुसूचि (१३) मा उल्लेखित दरमा फोहोरमैला ब्यबस्थापन शुल्क लगाइनेछ र असुल उपर गरिनेछ ।

१५. सरकारी सम्पत्तिको वहाल वाट प्राप्त आय : — नगरपालिकाले सार्वजनिक सम्पत्ति वहालमा प्रयोग गर्न दिए बापत अनुसचि (१४) मा उल्लेखित दरमा शुल्क लगाइने र असूल उपर गरिनेछ।

१६. सजायको व्यवस्था :— नगरपालिकाले ऐनमा तोकिएको अवधि भित्र कर नतिर्ने सरोकारवालाहरुलाई अनुसूचि (१५क) मा उल्लेखित दरमा जरिवाना लगाई असुल उपर गरिनेछ ।साथै नदिजन्य पदार्थ अवैध निकासी गरेको अवस्थामा अनुसुचि (१५ख) मा भएको व्यवस्था बमोजिम जरिवाना लगाईनेछ ।

१७. कर छुट :— यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई यस ऐनमा उल्लेख भएको बाहेक कुनै पनि किसिमको कर छुट दिइने छैन। कर छुट सम्बन्धी अन्य व्यवस्था अनुसुची (१६) बमोजिम हुनेछ ।

१८. कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि :— कर तथा शुल्क संकलन सम्बन्धी कार्यबिधि नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१९. अधिकार प्रत्यायोजन :— यस ऐन अन्तर्गत समावेश हुन छुटेका क्षेत्र, करका शिर्षक तथा करका दर कायम गर्न आवश्यक भएमा नगरकार्यपालिकाद्वारा निर्धारण गरि स्थानीय राजपत्रमा प्रकाशन गरेका मितिदेखि कर दस्तुर जरिवाना शुल्क लगाइनेछ र असुल उपर गरिनेछ ।

अनुसुची १ आर्थिक ऐन २०८२ को दफा २ संग सम्बन्धीत बाँसगढी नगरपालिकाले आ.व. २०८२/०८३ मा असुल उपर गर्ने सम्पत्तिकरको दरबन्दी			
क्र.सं.	सम्पत्तिको मूल्याङ्कन रुपैंयामा	रकम रु	रकम अक्षरमा
१	रु १ देखि ५ लाख सम्म	१२०	एक सय बिस
२	रु ५ लाख १ देखि १० लाख सम्म	२४०	दुई सय चालिस
३	रु १० लाख १ देखि १५ लाख सम्म	३९०	तिन सय नब्बे
४	रु १५ लाख १ देखि २० लाख सम्म	५२०	पाँच सय बिस
५	रु २० लाख १ देखि २५ लाख सम्म	७००	सात सय
६	रु २५ लाख १ देखि ३० लाख सम्म	८४०	आठ सय चालिस
७	रु ३० लाख १ देखि ४० लाख सम्म	१२००	एक हजार दुई सय
८	रु ४० लाख १ देखि ५० लाख सम्म	१५००	एक हजार पाँच सय
९	रु ५० लाख १ देखि ६० लाख सम्म	२४००	दुई हजार चार सय
१०	रु ६० लाख १ देखि ७० लाख सम्म	२८००	दुई हजार आठ सय
११	रु ७० लाख १ देखि ८० लाख सम्म	३२००	तिन हजार दुई सय
१२	रु ८० लाख १ देखि ९० लाख सम्म	३६००	तिन हजार छ सय
१३	रु ९० लाख १ देखि १ करोड सम्म	४०००	चार हजार
१४	रु १ करोड १ देखि १ करोड पचास लाख सम्म	७५००	सात हजार पाँच सय
१५	रु १ करोड पचास लाख १ देखि २ करोड सम्म	१००००	दश हजार
१६	रु २ करोड १ देखि २ करोड ५० लाख सम्म	१८७५०	अठार हजार सात सय पचास
१७	रु २ करोड देखि ३ करोड सम्म	२२५००	बाईस हजार पाँच सय
१८	रु ३ करोड १ देखि ४ करोड सम्म	३००००	तिस हजार
१९	रु ४ करोड १ देखि ५ करोड सम्म	३७५००	सैतिस हजार पाँच सय
२०	रु ५ करोड भन्दा माथि जतिसुकै भएपनि प्रति हजार रु १ रुपैयाँ लाग्नेछ ।		

द्रष्टब्य-न्यूनतम सम्पतिकर रू.१२० (एक सय बिस) भन्दा कम हुने छैन ।

भवनको ह्रासकट्टी प्रतिशत र ह्रासकट्टी गर्ने अवधि

भवनको बनौट र सोमा ह्रासकट्टी गर्ने तरिका समान ह्रासकट्टी पद्धति (Straight Line Method) अनुसार हुनेछ । यसको गणना देहायबमोजिम गरिनेछ :

क्र.सं.	भवनको प्रकार/ बनोट	संरचनाको आयु	मूल्यह्रास प्रतिबर्ष (प्रतिशतमा)
१	आर.सी.सी. फ्रेम स्ट्रक्चर	५०	२ %
२	सिमेन्ट जोडाइमा इट्टा वा ढुंगाको गारो र आर.सी.सी. छानो	४५	२.२५ %
३	माटो जोडाइमा इट्टा वा ढुंगाको गारो र आर.सी.सी. छानो	४०	२.५ %
४	सिमेन्ट जोडाइमा इट्टा, ढुंगा वा सिमेन्ट ब्लकको गारो र जस्ता वा एस्बेस्टस वा टायल वा स्लेट ढुंगाको छानो	३५	३ %
५	माटो जोडाइमा इट्टा वा ढुंगाको गारो वा प्रिफेब स्ट्रक्चर र जस्ता वा एस्बेस्टस वा टायल वा स्लेट ढुंगाको छानो	२५	४ %
६	सेड वा कच्ची घर	१०	१० %

अनुसूची २

आर्थिक ऐन २०८२ को दफा ३ सँग सम्बन्धीत

बाँसगढी नगरपालिकाको आ.व. २०८२/०८३ मा असुल उपर गरिने **भुमिकरको दरबन्दी**

क्र.स.	जग्गाको मुल्यांकन रकमको सीमा	रकम रू.
१	रु १ देखि ५ लाख सम्म	१२० (एक सय बिस)
२	रु ५ लाख१ देखि ८ लाख सम्म	१८० (एक सय असी)
३	रु ८ लाख १ देखि १० लाख सम्म	२४० (दुई सय चालिस)
४	रु १० लाख १ देखि १५ लाख सम्म	३६० (तिन सय साठी)
५	रु १५ लाख १ देखि २० लाख सम्म	४८० (चार सय असी)
६	रु २० लाख १ देखि २४ लाख सम्म	६०० (छ सय)
७	रु २४ लाख १ देखि २६ लाख सम्म	६६० (छ सय साठी)
८	रु २६ लाख १ देखि २८लाख सम्म	७२० (सात सय बिस)
९	रु २८ लाख १ देखि ३० लाख सम्म	७८० (सात सय असी)
१०	रु ३० लाख १ देखि ३४ लाख सम्म	९०० (नौ सय)
११	रु ३४ लाख १ देखि ३८ लाख सम्म	१०२० (एक हजार बिस)
१२	रु ३८ लाख १ देखि ४० लाख सम्म	१०८० (एक हजार असी)
१३	रु ४० लाख १ देखि ४२ लाख सम्म	११४० (एक हजार एक सय चालिस)
१४	रु ४२ लाख १ देखि ४६ लाख सम्म	१२६० (एक हजार दुई सय साठी)
१५	रु ४६ लाख १ देखि ४८ लाख सम्म	१३३२ (एक हजार तिन सय बत्तिस)
१६	रु ४८ लाख १ देखि ५० लाख सम्म	१४०४ (एक हजार चार सय चार)
१७	रु ५० लाख १ देखि ६० लाख सम्म	१७६४ (एक हजार सात सय चौसट्टी)
१८	रु ६० लाख १ देखि ७० लाख सम्म	२१२४ (दुई हजार एक सय चौविस)
१९	रु ७० लाख १ देखि ८० लाख सम्म	२४८४ (दुई हजार चार सय चौरासी)
२०	रु ८० लाख १ देखि ९० लाख सम्म	२८४४ (दुई हजार आठ सय चौवालिस)
२१	रु ९० लाख १ देखि १ करोड सम्म	३२०४ (तिन हजार दुई सय चार)
२२	रु १ करोड १ देखि १ करोड २० लाख सम्म	३९२४ (तिन हजार नौ सय चौविस)
२३	रु १ करोड २० लाख १ देखि रु १ करोड ४० लाख सम्म	४७६४ (चार हजार सात सय चौसट्टी)
२४	रु १ करोड ४० लाख १ देखि रु १ करोड ६० लाख सम्म	५६०४ (पाँच हजार छ सय चार)
२५	रु १ करोड ६० लाख १ देखि १ करोड ८० लाख सम्म	६४४४ (छ हजार चार सय चौवालिस)
२६	रु १ करोड ८० लाख १ देखि रु २ करोड सम्म	७२८४ (सात हजार दुई सय चौरासी)
२७	रु २ करोड १ देखि रु २ करोड २० लाख सम्म	८१२४ (आठ हजार एक सय चौविस)
२८	रु २ करोड २० लाख १ देखि रु २० करोड ४० लाख सम्म	८९६४ (आठ हजार नौ सय चौसट्टी)
२९	रु २ करोड ४० लाख १ देखि रु २ करोड ६० लाख सम्म	९८०४ (नौ हजार आठ सय चार)
३०	रु २ करोड ६० लाख १ देखि रु २ करोड ८० लाखसम्म	१०६४४ (दश हजार छ सय चौवालिस)
३१	रु २ करोड ८० लाख १ देखि रु ३ करोड सम्म	११४८४ (एघार हजार चार सय चौरासी)
३२	रु ३ करोड १ देखि रु ३ करोड ५० लाखसम्म	१३५८४ (तर्ह हजार पाँच सय चौरासी)
३३	रु३ करोड ५० लाख १ देखि रु ४ करोड सम्म	१५६८४ (पन्ध्र हजार छ सय चौरासी)
३४	रु४ करोड १ देखि ४ करोड ५० लाखसम्म	१७७८४ (सत्र हजार सात सय चौरासी)
३५	रु४ करोड ५० लाख १ देखि ५ करोड सम्म	१९८८४ (उन्नाईस हजार आठ सय चौरासी)
३६	रु५ करोड १ देखि माथि जतिसुकै भएपनि प्रति हजार रु.०.५० (पचास पैसा)का दरले लाग्नेछ ।	प्रति हजार रु.०.५० का दरले

नोटः ऐन को प्रावधान बमोजिम जग्गाको उपयोगको आधारमा भन्ने भएकोमा वैज्ञानिक वर्गीकरण भइसकेको अवस्थामा मुल्यको वाट भुमिकरको दरबन्दी कायम गरिएको ।

नोटः जग्गालाई बहुदर/दर अध्यावधि मा लगी दररेट मा बर्गिकरण गर्दा कम्तिमा २ कट्ठा नघट्ने गरी २० प्रतिशत जग्गा आवसिय प्रयोजन र बाँकी जग्गा खेती योग्य प्रयोजनमा लैजान सकिने ।

जग्गा मूल्याङ्कनको आधार

बाँसगढी नगरपालिका वडा नं. १ (साविक बेलवा गा.वि.स. वडा नं. ७)
बाँसगढी नगरपालिका वडा नं. १ बर्दिया राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु आरक्षको मध्यवर्तीक्षेत्र भित्र पर्ने र कानून बमोजिम त्यस्तो जग्गा सरकारी हुने हुँदा मूल्याङ्कन गर्न निमिल्ने ।

बाँसगढी नगरपालिका वडा नं. २ (साविक बेलवा गा.बि.स. वडा नं. २, ७ र ८)			
क्र.सं.	**मूलक्षेत्र**	**स्थान (कुन विन्दु देखि कुन विन्दु सम्म)**	**समितिद्वारा प्रस्तावित मूल्याङ्कन दर (प्रति कट्ठा) रु**
१	लखनाचोक- राँझा ग्रावेल सडकको हाल न.पा. २ र ३ छुट्याउने नौलो बगिया देखि उत्तर खण्ड सिमलकुना सम्म	न.पा. को वडा नं. २ र ३ को सिमाना नौला बगिया देखि उत्तर पिपलचौतारा, हजारी बगिया हुँदै कुथ्रा नालासम्म ग्रावेल सडक दायाँ बायाँ	३५५,०००
		कुथ्रा नाला देखि उत्तर बेतहनी गाउँ राँझा जलजला, बीचटोल भगवती टोल प्रतिक्षालय सम्म ग्रावेल सडकको दायाँ बायाँ	२८७५००
		राँझा भगवती टोल प्रतिक्षालय देखि गैरीगाउँ हुदै सिमलकुना सम्म ग्रावेल सडकको दायाँ बायाँ	२०१०००
२	राँझा काटकुवा, भित्री राँझा, सिमलकुना, डयामवाडा,टंकी अक्षेरिया,धैरेनी उत्तर जलजला, खुमंसी बुढाको घर देखि टप कुमारीको घर हुदै ज्ञानबहादुर शाहको घर सम्म	राँझा क्षेत्रमा गोरेटो बाटोले छोएको घर/ घडेरीको जग्गा र निकास भएको खेतीको जग्गा	१२२५००
		बीच टोल ,स्कूलटोल भएर अच्छरिया सम्म पुग्ने कच्ची सडकको दायाँ बायाँ	१४००००
		राँझा काटकुवा, भित्री राँझा, सिरखेत, घट्टेखोला किनार र लौहा खोलको किनार दायाँ बायाँ निकास नभएका जग्गाहरु	७६५००
३	बेतहनी क्षेत्र निकास भएका जंगलको छेउ किनार	घारी बेतहनी, कल्भर्ट देखि टंक बिस्टको घर हुँदै जुरेटिया सम्म कच्ची मोटर बाटो को दाया बायाँ	१०००००
४	कुथ्रा खोला गुरियाचौर देखि अर्सेवा जुरेटिया सडक खण्ड	काली बहादुर चन्दको घर देखि ज्ञानबहादुर चन्द को घर सम्मको ग्रावेल सडकको दायाँ बायाँ	१३०५००
५	बेतहनी,पिपलचौतारा देखि तेह्र कट्ठा,बिजौरा,अक्षेरिया बाटो खण्ड	शहीदबस्ती,तेह्रकट्ठा,बिजौरा ग्रावेल सडकको दाया बाया	१३०५००
६	बेतहनी खेमबहादुर चन्दको घर देखि सरास्वती आ.भूत. भएर घारी बेतहनी हुँदै निकुञ्ज पोष्ट जाने बाटो	प्रेम सिंहको घर देखि बयिया कल्भर्ट सम्म ग्रावेल सडकको दायाँ बाया	२०१०००
७	बेतहनी थारु गाउँ भित्र रहेका बिभिन्न बाटाहरु.	थारु गाउँ भित्र पर्ने सबै बाटाको दायाँ बायाँ पर्ने सडकको दायाँ बायाँ	२५०५००
८	बेलवा –जनतामा.वि.–बनमुडवा सडक र सो क्षेत्र बाट उत्तर तथा पश्चिम क्षेत्र	बनमुडवा गाउँ बीच चोक(शिव मन्दिर नेरको चोक) लगायत भित्रका चोक चोकका वरिपरीका जग्गा	२८००००
		बनमुडवाको शिव मन्दिर चोक बाट उत्तर नयाँबस्ती पिपलचौतारा सम्म कच्ची मोटर बाटोको दाया बायाका जग्गा	१५१५००
		बनमुडवा,नयाँबस्ती क्षेत्रभित्रका गोरेटो बाटोले छोएको र निकास भएको खेतीका जग्गा	६९५००

		ऐ.ऐ. क्षेत्र भित्रका निकास नभएको खेतीका जग्गा	६२०००
		बनमुडवा गाउँ बीच चोक(शिव मन्दिर नेरको चोक) बाट पश्चिम अमैया जाने कच्ची मोटर बाटोको जंगल क्षेत्र सम्म दायाँ बायाका जग्गा	१६६५००
		समग्र अमैयाको जग्गा मा कच्ची मोटर बाटो ले छोएको दर्ताको जग्गा	१५९०००
		अमैया भित्र गोरेटो बाटोले छोएको दायाँ बायाँको दर्ताको जग्गा	१०३०००
		अमैया भित्र निकास भएको दर्ताको खेतीको जग्गा	६२०००
		अमैया भित्र निकास नभएको दर्ताको खेतीको जग्गा	५६०००
		बेलवा रामचन्द्र थारुको घर देखि जनता मा. बि.हुँदै बनमुडवा शिवमन्दिर चोक सम्म ग्रावेल सडककृषि सडक) दाया बाया रहेको जग्गा	२६९०००
		बनमुडवा गाउँ क्षेत्र भित्र गोरेटो बाटोमा जोडिएका दाया बायाका जग्गा र निकास भएका खेतीका जग्गा	१२२५००
		ऐ.ऐ. क्षेत्र भित्र निकास नभएका खेतीका जग्गा	६८०००
९	नयाँबस्ती क्षेत्र	नयाँबस्ती क्षेत्र भित्र कच्ची मोटर बाटोको दायाँ बायाँको जग्गा	१८९०००
		ऐ. ऐ. क्षेत्र भित्र निकास भएको खेतीको जग्गा	११५०००
१०	बिजौरा क्षेत्र र १३ कठ्ठा क्षेत्र	बिजौरा क्षेत्र र १३ कठ्ठा क्षेत्र भित्र कच्ची मोटर बाटोको दायाँ बायाँ	१७४०००
		ऐ. ऐ. क्षेत्र भित्र गोरेटो बाटोमा जोडिएको र निकास भएको खेतीको जग्गा	११४५००
		ऐ. ऐ. क्षेत्र भित्र निकास नभएको खेतीको जग्गा	७२५००
११	पूर्व नौलो बगिया,अक्षरिया क्षेत्र	पूर्व नौलो बगिया तथा अक्षरिया क्षेत्र भित्र मोटर बाटोमा	१५९०००
		ऐ. ऐ. क्षेत्र भित्र गोरेटो बाटोमा जोडिएको र निकास भएको खेतीको जग्गा	११९०००
		ऐ. ऐ. क्षेत्र भित्र निकास नभएको खेतीको जग्गा	६९५००
१२	वडा नं २ को विविध क्षेत्र	बाँसगढी न.पा. वडा नं. २ अन्तर्गतमा मुक्तकमैयालाई बसोबास गराइएका र सुकुम्वासीको नाताले जग्गा बितरण गरी दर्ता भएका जग्गा	१५७५००
		बाँसगढी न.पा. वडा नं. २ अन्तर्गतमा पर्ने कच्ची सडक एवम् मूल नहर,शाखा तथा प्रशाखा नहर संग जोडिएको दायाँ बायाँका जग्गा	१५९०००
		झुरियाटोलको पूर्व देखि पश्चिम जाने बाटो	१०१५००
		झुरिया–पिपलचौतारा जाने दोबाटो हुँदै पिपलचौतारा नयाँ बस्ती चोक सम्म ग्रावेल सडकको दायाँ बायाँ	२०१०००
१३	**राँझा सडक अन्तर्गत** सिमलकुना देखि जीवनज्योती जाने सडक	अर्जुन सलामीको घर देखि शेरबहादुर शाहीको घर सम्म	१४००००
१४	भगवती टोल प्रतिक्षालय देखि खड्का टोल हुँदै बीचटोल सम्म जाने सडक	गेकर्ण शाहको घर हुँदै डम्मर खड्काको घर सम्म	१४००००
१५	बीच टोल ,स्कूलटोल भएर अच्छरिया सम्म पुग्ने कच्ची सडकको दायाँ बायाँ	डिलाराम शर्माको द्वर देखि भोटु शाहीको घर सम्म	१४००००
१६	राँझा बीच टोल उमिन्द्र चन्दको घर बाट उत्तर बेतहनी भएर आउने रिङ्गरोड	उमिन्द्र चन्दको घर देखि मानबहादुर डाँगीको घर सम्म	१४००००
१७	जलजला तारा के.सी. को घर देखि टेक बहादुर के.सी. को घर हुँदै धैरेनी जाने सडक	तारा के.सी. को घर देखि टेक बहादुर के.सी.को घर हुँदै धैरेनी नरबहादुर शाही,साउनी देवी मतवालाको घर सम्म	१४००००
१८	निकास नभएका खेतीयोग्य जमीन र	घारी बेतहनी,कुध्रा खोला, नगनिया खोला,बिष्ट टोल,जुरेटिया थारु	

	खोला किनारका जमीन	गाउँको दक्षिण खेत, बिजौराको खोलाको दायाँ बायाँल्भर्ट देखि	
१९	लखनाचोक–राँझा सडकको पश्चिम	बा. न.पा. वार्ड नं ३ बेलवा गाउँ स्थित रामचन्द्र थारुको घर नेर बाट बनमुडवा जाने ग्रावेल सडकको वार्ड नं २ र ३ को सिमाना बाट अमैया जाने सडकको गाग्रेनालाको कल्भर्ट सम्म ग्रावेल सडकको दायाँ बायाँ	२७१०००
		गाग्रो नाला कल्भर्ट देखि पश्चिम अमैया जाने ग्रावेल सडकको दायाँ बायाँ जंगल किनार सम्म	१७४०००
		वार्ड नं ३ स्थित शान्तिपुर र वार्ड नं २ को सिमाना को साधुराम थारुको घर देखि बनमुडवा शिव मन्दिर हुँदै पिपल चौतारा र झुरिया जाने दोबाटाको मोड सम्म ग्रावेल सडकको दायाँ बायाँ	२५५०००
		बनमुडवा गाउँ बीच चोक(शिव मन्दिर नेरको चोक)प्रेम के.सि.को घर हुँदै उत्तर–पूर्व कमला सुनारको घर सम्म	१५१५००
		ऐ.ऐ. कमला सुनारको घर देखि रमेश चौधरीको घर हुँदै दक्षिण झन्झट थारुको घर सम्म	१५१५००
		ऐ.ऐ. झन्झट थारुको घर देखि देवेन्द्र चौधरीको घर हुँदै दक्षिण ललिता वि.क.को घर भएर पश्चिम कोठार सम्म	१५१५००
		पश्चिम कोठार देखि चिन्का थारुको घर देखि उत्तर गंगा थारुको घर सम्म	१५१५००
		ऐ.ऐ. गंगा थारुको घर देखि रामपल्टन थारुको घरको उत्तर हुँदै रत्ना थारुको घरको पश्चिम भोसु थारुको घर सम्म कच्ची सडकको दायाँ बायाँ	१२७५००
		ऐ.ऐ. भोसु थारुको घर देखि डोग्ला थारुको घर हुँदै बेतनियानको घर सम्म कच्ची सडकको दायाँ बाया	१२१५००
२०	पिपल चौतारा क्षेत्र भित्र	पिपल चौतारा खुम्भिरलोहारको घर देखि पूर्व जाने ग्रावेल सडकको दायाँ बायाँ	२०१०००
		पिपल चौतारा देखि दलित भवन हुँदै पश्चिम झुडिया जाने बाटो(गोरेटो)	१०१५००
		पिपल चौतारा देखि सिमेण्टकुला हुँदै पुनी बोहोराको घर सम्म जाने ग्रावेल सडकको दायाँ बायाँ	२०१०००
		पुनी बोहोराको घर देखि लुम बहादुर डाँगीको घर सम्म जाने ग्रावेल सडकको दायाँ बायाँ	१५१५००
		पूर्व नौलो बगिया गंगा बि.क. को घर देखि पूर्व खोला बाट आएको नहर देखि पश्चिम ग्रावेल सडकको दायाँ बायाँ	२०१०००
		पूर्व खोला बाट आएको नहर देखि कृपा थारुको घर नजिक पिपल बोट सम्म कच्ची सडकको दायाँ बायाँ	१५१५००
		नौलो बगिया पश्चिम दुरपति रानाको घर देखि ठेरीलोहारको घर सम्म ग्रावेल सडकको दायाँ बायाँ	२०१०००
		ऐ.ऐ. क्षेत्र भित्रको जंगल किनार ,कुर्था खोला किनारको दायाँ बायाँ र निकास नभएको खेती योग्य जग्गा	६२०००
		हजारी बगिया,सिमेण्ट कुला ,नौलो बगिया तथा नहरको दायाँ बायाँको खेती योग्य जग्गा	१०००००

बाँसगढी नगरपालिका वडा नं. ३ (साविक बेलवा गा.वि.स. वडा नं. १,३,४,५,६ र ८)			
क्र.सं.	**मूलक्षेत्र**	**(कुन विन्दु देखि कुन विन्दु सम्म)**	**समितिद्वारा प्रस्तावित मूल्याङ्कन दर(प्रति कठ्ठा) रु.**

२१	वडा नं ३ को पूर्व–पश्चिम राजमार्गको लखनाचोक देखि उत्तर राँझा सडक	राजमार्ग लखनाचोक देखि उत्तर लखनागाउँ जगत राम कामीको घर सम्मको ग्रावेल सडक दायाँ बायाँ	७९०,०००.००
		लखना जगतराम कामीको घर देखि उत्तर अनिपाल रोकायाको घर/शिव मन्दिर सम्म ग्रावेल सडक दायाँ बायाँ –करीव ४०० मीटर)	७८,०००.००
		अनिपाल रोकाया को घर/शिव मन्दिर देखि उत्तर साविक बेलवा वडा नं १ र ३ को सीमाना लिलाधर शर्माको घरसम्म ग्रावेल सडकको दायाँ बायाँ	४३०,०००.००
		लखना बीच गाउँ बाट पश्चिम गौडी जाने ग्रावेल सडकको दायाबाया	४२०,०००.००
		बेलवा चौतारा देखि पश्चिम शान्तिपुर जाने सडकको दायाँबायाँ	३३५,०००.००
२२	वडा नं ३ को लखना-बेलवा देखि पश्चिम क्षेत्र	बेलवाको पश्चिम तर्फ टेडीटोल जाने बाटो ग्रावेल सडकको दायाँ बायाँ	१८०,०००.००
		बेलवा चौतारी-फलकापुर-शान्तिपुर सम्मको कच्ची सडकको दायाँ बायाँ	१३६,५००.००
२३	वडा नं ३ राजमार्ग गौडीचोक बाट उत्तर गौडी गाउँको चोक सम्म ग्रावेल सडक (कृषि सडक)	गौडीचोक बाट उत्तर तर्फ गौडी गाउँको चोकसम्म ग्रावेल सडक	४२०,०००.००
		गौडी गाउँ (भित्री) को चोकको पूर्वपट्टी बाट लखना–राँझा ग्रावेल सडकमा जोडिने ग्रावेल सडकको दायाँ बायाँ	२८५,०००.००
		भित्री गौडीगाउँ बाट पश्चिम–लक्ष्मणपुर गिदर्वा चोक ग्रावेल सडकको दायाँ बायाँ	२७०,०००.००
		लक्ष्मणपुर गिर्दवा चोक-पूर्वपश्चिम राजमार्गको भगरा डुडुवा खोला छेउ कच्ची ग्रावेल सडक , गिर्दवा चोक बाट उत्तर ग्रावेल सडक शान्तिपुर क र ख हुँदै शान्तिपुर र बनमुडुवा को सिमाना छुट्टयाउने नाला पुग्ने ग्रावेल सडक र शान्तिपुर क र ख को बीच बाट पूर्व बेलवा पिपल चौतारी जाने नयाँ ग्रावेल सडकको दायाँ बायाँ	२१०,०००.००
२४	वडा नं ३ बेलवा-अच्छेरिया खोला ग्रावेल सडक	बेलवा गाउँको चोक (सामुदायिक भवन) देखि पूर्व अच्छेरिया खोलाको छेउ सम्म कच्ची सडक र सो सडक बाट दक्षिण सल्यानी टोल हुँदै भोजुवा थारुको घर देखि दक्षिण गएको ग्रावेल सडकको दायाँ बायाँ	२५७,५००.००
२५	वडा नं ३ अच्छेरिया खोला देखि पूर्व महादेवा क्षेत्र	अच्छेरिया खोला देखि पूर्व सुन्दरबस्ती क्षेत्र हुँदै महादेवाको मानखोला सम्म ग्रावेल सडकको दायाँ बायाँ रहेको नम्बरी जग्गा र महादेवा गाउँ भित्र ठूलो गाउँ नेर उत्तर–दक्षिण कच्ची सडक(स्कूल नेरको) को दायाँ बायाँको नम्बरी जग्गा	१६९,०००.००
		ऐ.ऐ.प्रत्येक गाउँ संग जोडिएको कच्ची सडकको दायाँ बायाँका जग्गा र शान्तिपुर क्षेत्र भित्र कच्ची सडकको दाया बायाँको जग्गा	१२६,०००.००
२६	वडा नं ३ पूर्वपश्चिम राजमार्ग देखि दक्षिण लखनाचोक देखि दक्षिण खल्लागाउँ क्षेत्र, गौडीचोक देखि दक्षिण र पुष्पनगरचोक देखि दक्षिण	खल्लागाउँको उत्तरसम्म कच्ची सडकको दायाँ बायाँ गौडी चोक देखि दक्षिण र पुष्पनगरको दक्षिण कच्ची तथा ग्रावेल सडकको दायाँ बायाँको नंबरी जग्गा	२६२,५००.००
		पृथ्वी नि.मा.वि.हुँदै लखना सामुदायिक बन उपभोक्ता समिति सम्मको कच्ची मोटर बाटाको दायाँ बायाँका नम्बरी जग्गा	३१२,५००.००
		उत्तरभकारी चोक बाट दक्षिण साविक सोरहवा गा.वि.स.को सीमाना सम्मको नंवरी जग्गा	१८९,०००.००
		राजमार्ग दक्षिण का निकास भएका नंवरी जग्गा	१४५,०००.००

२७	वडा नं ३ राजमार्ग - उत्तरभकारी चोक देखि उत्तर	राजमार्ग उत्तरभकारी चोक देखि उत्तरभकारी गाउँ जाने ग्रावेल सडकको sos सम्म	५४०,०००.००
		Sos देखि उत्तर भकारी गाउँ हुँदै चमकपुर (साविक मोतीपुर गा.बि.स. वडा नं.५ को सिमाना) सम्म	२९५,०००.००
२८	वडा नं ३ पूर्व-पश्चिम महेन्द्र राजमार्गमा रहेका चोकमा	मानखोला देखि लखनाचोक सम्म दायाँ बायाँ	८२०,०००.००
		लखना चोक देखि डुडुवा खोला सम्म	८६०,०००.००
		डुडुवा खोला देखि उत्तरभकारी चोक सम्म सडकको दायाँ बायाँ	९००,०००.००
		उत्तरभकारी चोक देखि साविक मोतिपुर गा.वि.स.को सिमाना बेरियर चोक सम्म सडकको दायाँ बाया	९४०,०००.००
२९	वडा नं ३ का विविध क्षेत्र	बाँसगढी न.पा. वडा नं. ३ अन्तर्गतमा मुक्त कमैयालाई बसोबास गराइएका र सुकुम्वासीको नाताले जग्गा बितरण गरी दर्ता भएका जग्गा	१५७,५००.००
		बाँसगढी न.पा. वडा नं. ३ अन्तर्गतमा पर्ने गोरेटो बाटाको दायाँ बायाँ र निकास भएका खेतीका जग्गा	११५,०००.००
		बाँसगढी न.पा. वडा नं. ३ अन्तर्गतमा पर्ने निकास नभएका खेतीका जग्गा	६२,०००.००
		बाँसगढी न.पा. वडा नं. ३ अन्तर्गतमा पर्ने कच्ची सडक एवम् मूल नहर,शाखा तथा प्रशाखा नहर संग जोडिएको दायाँ बायाँका जग्गा	१५९,०००.००

बाँसगढी नगरपालिका वडा नं. ४ (साविक मोतिपुर गा.बि.स. वडा नं. २, ४, ५ र ६)

क्र.सं.	मूलक्षेत्र	स्थान (कुन विन्दु देखि कुन विन्दु सम्म)	समितिद्वारा प्रस्तावित मूल्याङ्कन दर (प्रति कट्टा) रु
३०	वडा नं ४ पूर्व पश्चिम राजमार्गको उत्तरभकारी हुँदै मदाहा जाने ग्रावेल सडक र मदाहा भित्रको क्षेत्र	वडा नं ३ को शिव निम्न माध्यमिक विद्यालय भन्दा १०० मीटर उत्तर कल्भर्टनेर बाट वार्ड नं. ४ शुरु हुने र सो स्थान बाट डुडुवा खोला सम्म र मदाहा क्षेत्र भित्रको ग्रावेल सडकको दायाँ बायाँ.	२१५०००
३१	मदाहा क्षेत्र भित्र गोरेटो बाटो	मदाहा क्षेत्र भित्र गोरेटो बाटोको दायाँ बायाँ	१२९०००
३२	मदाहा क्षेत्र भित्र	मदाहा क्षेत्र भित्र निकास भएको खेतीका जग्गा	८७०००
		मदाहा क्षेत्र भित्र निकास नभएको खेतीका जग्गा	७२०००
३३	नेवादा क्षेत्र	लक्ष्मणपुर देखि फरगुथारुकोघर सम्म ग्रावेल सडक दायाँ वायाँ	३३५०००
		फरगु थारुको घरदेखि स्कूल हुँदै पहाडीपुर सम्म ग्रावेल सडकको दायाँ बायाँ	२४५०००
		पहाडीपुर उत्तर देखि पिपलटारी नेवादा सम्म ग्रावेल सडकको दायाँ बायाँ	२१५०००
		पिपलटाडी नेवादा पुरानो टोल हुँदै मुक्त कमैयाको मनिकापुर वस्ती र पिपलटाँडी बीच टोल देखि पूर्वको गाउँ बस्ती पुग्ने कच्ची सडकको दायाँ बायाँ	१८००००

		नेवादा पिपलटारी क्षेत्र भित्र गोरेटो बाटोको दायाँ बायाँ र निकास भएको खेतीको जग्गा	१४७५००
		नेवादा पिपलटाँडी क्षेत्र भित्र निकास नभएको खेतीका जग्गा	९०५००
३४	बठुवा गाउँ भित्रका चोकहरु र सडक दायाँ बायाँ	बठुवा गाउँको पहिलो चोक (गाउँको दक्षिण क्षेत्र) बाट पश्चिम शंखरिया जाने ग्रावेल सडक , पलासे चोक बाट पलासे टोलमा जाने सडक र गोलघर चोकको पूर्वतर्फ पुरानो टोल चोक देखि घर्ती कान्छाको घरनेरको चोक सम्म जाने ग्रावेल सडकको दायाँ बायाँ	२४५०००
		बठुवा गाउँको पहिलो चोक र दोश्रो चोकको ५० मीटर वरिपरि,तेश्रो चोक (ट्रान्स्फर्म चोक) बाट पूर्व मिलन टोल जाने ग्रावेल सडक, ट्रान्स्फर्मचोक बाट उत्तर गोलघर चोक सम्म जाने ग्रावेल सडक र गोलघर चोकको ५०मीटर वरिपरि दायाँ बायाँको जग्गा	२७५०००
		बठुवा गाउँको ट्रान्सफर्म चोकको ५०मीटर वरिपरिको जग्गा	३०५०००
		तेश्रो चोक (ट्रान्स्फर्म चोक) बाट पश्चिम रियारपुर जाने ग्रावेल सडक र घर्ती कान्छाको घर नेरको चोक देखि भैंसेरेको घर नेरको चोक सम्म जाने ग्रावेल सडकको दायाँ बायाँ	२१५०००
		बठुवा गाउँ÷टोल भित्र गोरेटो बाटोको दायाँ वायाँका तथा निकास भएका खेतीका जग्गा	१५५०००
		बठुवा गाउँ÷टोल भित्र निकास नभएका खेतीका जग्गा	९८०००
३५	अस्नेरी गाउँ टोल	जंगलका किनारमा रहेको सामुदायिक भवन बाट अस्नेरी पश्चिम गाउँको चोक सम्म र पश्चिम गाउँको चोक देखि बीच गाउँको चोक सम्मका कच्ची मोटर बाटाको दायाँ वायाँ	१६५०००
		बीच गाउँको चोक देखि अस्नेरी उत्तर गाउँको छेउ सम्म र सोही चोक देखि दक्षिण गाउँको अन्त्य सम्म कच्ची मोटर बाटोको दायाँवायाँ	१५४५००
		अस्नेरी गाउँ भित्र गोरेटो बाटाले छोएको जग्गा	१२९०००
		अस्नेरी गाउँ भित्र निकास नभएका खेतीका जग्गा	७९५००
३६	वडा नं ४ पूर्व पश्चिम महेन्द्र राजमार्ग देखि उत्तर पट्टि मगरपुर गाउँ (टोल) क्षेत्र	पूर्व–पश्चिम राजमार्ग मटेरियाको मिलन चोक देखि उत्तर टिकाराम ढकालको घर सम्म ग्रावेल सडकको दायाँबायाँ	४८००००
		टिकाराम ढकालको घर देखि मगरपुर बाट अस्नेरी जाने ग्रावेल सडकको जंगल सम्म	३४००००
		लोकबहादुर शाहीको घर देखि पूर्व पानी टैंकी सम्मको भित्री कच्ची सडकको दायाँ वायाँ	३६५०००
		लोकबहादुर शाहको घर देखि पश्चिम मगरपुर शंखरिया जाने कच्ची मोटर बाटाको दाया वायाँ	३०५०००
		नन्दलाल पौडेलकोघर हुँदै भोला अधिकारी को घर सम्म ग्रावेल सडकको दायाँ वायाँ र मगरपुर देखि शंखरिया टोल जाने कच्ची मोटर बाटो को दाया बायाँ	३३५०००
		नन्दलाल पौडेलको घर देखि उत्तर जंगल सम्म	२७५०००

		मगरपुर बाट पश्चिम अमर शहीद नि.मा.वि. हुँदै उत्तर तर्फ जाने कच्ची मोटर बाटोको दायाँबायाँको	२९००००
		मगरपुर क्षेत्र भित्र गोरेटो बाटोको दायाँ वायाँ र उक्तक्षेत्र भित्र निकास भएको खेतीको जग्गा	१४७५००
		मगरपुर क्षेत्र भित्र निकास नभएको खेतीको जग्गा	८३०००
३७	वडा नं ४ पूर्व पश्चिम राजमार्गको चोक	पूर्व पश्चिम राजमार्गको मटेरिया चोक वरिपरि र सो चोक देखि साविक देउढाकला गा.बि.स.को वडा नं ७ हाल बाँसगढी न.पा.को वडा नं.८ तथा वडा नं.४ को सिमाना नरेन्द्र राज पराजुलीको घर सम्म	१०३००००
		बाँसगढी न.पा.वार्ड नं.५ र ४ को सिमाना देखि मटेरिया मिलनचोकसम्म पूर्व–पश्चिम महेन्द्र राजमार्गको दायाँ वायाँ	११३००००
३८	वडा नं ४ पूर्व पश्चिम महेन्द्र राजमाग को दक्षिण क्षेत्र	मटेरिया चोक देखि दक्षिण नहर सम्म ग्रावेल सडक	३०५०००
		नहर देखि कृष्ण प्रसाद बाँसतोला को घर हुँदै ककौरा पुरानो गाउँ सम्म ग्रावेल सडकको दायाँ बायाँ	२४५०००
		मटेरिया क्षेत्र भित्र राजमार्ग देखि उत्तर तथा दक्षिण गोरेटो बाटोको दायाँ वायाँ र निकास भएको खेतीको जग्गा	१६२५००
		मटेरिया क्षेत्र भित्र राजमार्ग देखि उत्तर तथा दक्षिण निकास नभएको खेतीको जग्गा	९८०००
३९	वडा नं ४ राजमार्ग, मटेरिया चोक बाट उत्तर	मटेरिया चोक बाट उत्तर तालचोक र राममन्दिर बाट उत्तर तर्फ हुँदै पश्चिम मटेरिया गाउँजाने मोटर बाटाको दायाँ बायाँ	२२२५००
		मटेरिया चोक बाट उत्तर बालुवाटारचोक सम्म ग्रावेल सडकको दायाँ बायाँ	३५५०००
		बालुवाटारचोक देखि पूर्व मटेरिया गाउँ सम्म र बालुवाटार देखि उत्तर शंखरिया हुँदै दाडपुर वडा नं. ८ को सिमाना सम्म ग्रावेल सडकको दायाँ बायाँ	२१५०००
		बालुवाटारचोक देखि पश्चिम पिपलटाँडी वडा नं. ८ को सिमाना सम्म ग्रावेल सडक दायाँ बायाँ	२७५०००
४०	मटेरियाक्षेत्र	मटेरिया क्षेत्र भित्र मूल नहर,शाखा प्रशाखा नहर एवम् अन्य कच्ची मोटर बाटाको दायाँ बायाँ	१७२५००

बाँसगढी नगरपालिका वडा नं. ५ (साविक मोतिपुर गा.बि.स. वडा नं. १,३,८ र ९)

क.सं.	मूलक्षेत्र	स्थान (कुन विन्दु देखि कुन विन्दु सम्म)	समितिद्वारा प्रस्तावित मूल्याङ्कन दर (प्रति कट्टा) रु
४१	वडा नं ५ पूर्व पश्चिम महेन्द्र राजमार्ग	वडा नं.५ र ४ को सिमाना मिलनचोक देखि पुरानो प्रहरी चौकीको मोड सम्म राजमार्गको दायावाया पिच सडक	८८००००
		पुरानो प्रहरी चौकीको मोड देखि पूर्व स्वास्थ्य शुभ कामना पोलिक्लिनिक फर्म सम्म पिच सडकको दाया वाया	१०८००००

		पूर्व स्वास्थ्य शुभ कामना पोलिक्लिनिक देखि मैनापोखर जाने सडकको मोड श्रवण कुमारको घरसम्म – सडकको दायाँवायाँ	१९५०५००
		मैनापोखर जाने मोडको दायाँ बायाँ	२१०००००
		मैनापोखर जाने चोक देखि बाँसगढी खानेपानी चोक सम्म सडकको दायाँवायाँ	२३०००००
		खानेपानी चोक देखि बाँसगढी मुख्यचोक सम्म	२७५००००
		बाँसगढी मुख्यचोक देखि पेट्रोलपम्प मोड सम्म राजमार्गको दायाँ वायाँ	२९०००००
		SOS मोड देखि ईलाका प्रहरी कार्यालयको मोडसम्म राजमार्गको दायाँवायाँ	२१०००००
		ईलाका प्रहरी कार्यालयको मोड देखि नगरपालिकाको नयाँ कार्यालय जाने बाटो को मोड सम्म राजमार्गको दायाँवायाँ	१७०००००
		न.पा.को नयाँ कार्यालय भवन देखि पूर्व हाउपुर बेरियर चोक सम्म पूर्व पश्चिम महेन्द्र राजमार्गको दायाँवायाँ	१८५००००
		बाँसगढी पेट्रोलपम्प रहेको पुरानो स्थान देखि महेश अधिकारीको घर सम्म राजमार्गको दायाँ वायाँ	२७०००००
		महेश अधिकारीको घर देखि sos मोड सम्म राजमार्गको दायाँ वायाँ	२३०००००
४२	वडा नं ५ पूर्व पश्चिम महेन्द्र राजमार्ग देखि उत्तर	वार्ड नं. ५ पुरानो प्रहरी चौकी देखि उत्तर बाँसगढी न.पा.को वडा नं. ५ र ४ को सिमाना सम्म ग्रावेल सडक	५८५०००
		पूर्व-पश्चिम महेन्द्र राजमार्ग बाँसगढी खानेपानी चोक देखि उत्तर लोहारी थारुको घर सम्म पिच सडकको दायाँ वायाँ	९०००००
		लोहारी थारुको घर देखि उत्तर खानेपानी टैंकी सम्म ग्रावेल सडकको दायाँ बायाँ	६८५०००
		बाँसगढी खानेपानी टैंकी देखि पश्चिम उत्तर वार्ड नं. ४ र ५ को सिमाना बजगाईंको घर सम्म कच्ची मोटरबाटाको दायाँ वाया	३९००००
		बजगाइको घर देखि पूर्व मुक्त कमैया बस्ती जाने कच्ची मोटर बाटोको दायाँ बायाँ	२१००००
		बाँसगढी मुख्यचोक देखि उत्तर मन्दिर सम्म लक्ष्मणपुर जाने सडकको दायाँ बायाँ	११०००००
		बाँसगढी बजार स्थित घौलागिरी हार्डवेयर पसल नेर बाट तिमिल्सिनाको घर हुँदै उत्तर लक्ष्मणपुर जाने बाटाको मन्दिर सम्म सडकको दायाँ बायाँ	९०००००

		तिमिल्सिनाको घर बाट उत्तर गई पूर्व जाने बाटो (कच्ची मोटर बाटो) को दायाँबायाँ	८०००००
		ऐ.ऐ.दोवाटो मिल्ने शिवमन्दिर देखि ने.रा.मा.वि.नजिकको चोक हुँदै वडा नं ५ र ४ को सिमाना सम्म	५८५०००
		sos चोकदेखि २०० मि.पूर्व गई सो देखिउत्तर देवी लाल न्यौपानेको घर हुँदै अधिकारीको घर सम्म सडकोदायाँ बायाँ	८३००००
		देवीलाल न्यौपानेको घर देखि लक्ष्मणपुर ने.रा.मा.वि. चोक सम्म सडक को दायाँ बायाँ	७३००००
		पूर्ण चन्द्र अधिकारीको घरदेखि लक्ष्मणपुर ने.रा.मा.वि.चोक सम्म सडक दायाँ वायाँ (पूर्व सामुदायिक जंगल पश्चिम तर्फ आवादी वस्ती	७३००००
		वार्ड नं. ५ राजमार्ग उत्तर गोरेटो बाटो तथा निकास भएका जग्गा	१६२५००
		निकास नभएका जग्गा	११३०००
४३	वडा नं ५ पूर्व पश्चिम महेन्द्र राजमार्ग देखि दक्षिण हाउपुर क्षेत्र	बेरियल हाउपुर चोक देखि दक्षिण ५०० मीटर सम्म सडकको दायाँ वायाँ	३९००००
		हाउपुरचोक देखि नहर सम्म सडक दायाँ वायाँ	५२००००
		नहर देखि दक्षिण हाउपुर गोलघर जुम्लीटोल ग्रावेल बाटाको पश्चिम २०० मीटर सम्म	३१००००
		हाउपुर गोलघर जुम्लीटोल गोलघर देखि पूर्व पट्टि ग्रावेल सडक दायाँ बायाँ नंवरी जग्गा	३१००००
		जुम्लीटोल पूर्व तर्फ गोलघर सम्म र घिवानटोल बाट पश्चिम सिद्धार्थ नि.मा.वि.सम्म ग्रावेल सडक दायाँ वायाँ	३५००००
		गोलघरबाट हाउपुर बीच मन्दिर सम्म(पूर्व–पश्चिम)	४१००००
		हाउपुर मन्दिर रघुवीर गिरीको घर देखि पूर्व बडैया गा.पा. को सिमाना सम्म जोडिने ग्रावेल सडकको दायाँ बायाँ	३०५०००
		चौधरी गाउँको बीच मन्दिर बाट पूर्व घिवान टोल जाने सडक दायाँ बायाँ साविक सोहृहवा गा.वि.स.को सिमाना सम्म	३०५०००
		मन्दिर बाट पश्चिम सिद्धार्थ नि.मा.वि.को चोक हुँदै झुप प्रसाद शर्माको घर सम्म ग्रावेल सडकको दायाँवायाँ	२७५०००
		सिद्धार्थ नि.मा.वि.बाट पूर्व घिवान टोलको चोक सम्म ग्रावेल सडक दायाँ बायाँ	३०५०००

		घिवान टोलको चोक देखि झुप प्रसाद जैसीको घर हुँदै बडैया गा.पा.को सिमाना सम्म ग्रावेल सडकको दायाँ बायाँ	२४५०००
		हाउपुरक्षेत्र भित्र गोरेटो बाटाको दायाँ बायाँ ,मूलनहर,शाखा प्रशाखा नहर एवम् अन्य कच्ची मोटर बाटाको दायाँ बाया र निकास भएको खेतीका जग्गा	१७२५००
		हाउपुरक्षेत्र भित्रनिकास नभएको खेतीका जग्गा	१२२५००
४४	वडा नं ५ पूर्व–पश्चिम महेन्द्रराजमार्ग देखि दक्षिण	sos चोक देखि दक्षिण गई पश्चिम पट्टि ओमशान्ति र रेडक्रस जाने सडकको दायाँबायाँ	७७०००००
		नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय उत्तर मोड देखी ५ नं वडा कार्यालय हुँदै बाँसगढी बजार मुख्य चोक–भोलागौंडी जाने पीच सडक सम्म ग्रावेल सडकको दायाँ बायाँ	८५००००
		५ नं वडा कार्यालय नजिकको चोक वर पिपल रुखको मोडको दक्षिण पट्टी बाट मन्दिरपछाडि देखि पूर्व बाँसगढी एकेडेमी हुँदै ने.रा.उ.मा.वि. सम्म जाने ग्रावेल सडकको दायाँ बायाँका जग्गा	६७००००
		नेपाल राष्ट्रिय उ.मा.वि. चोकको पश्चिम पट्टी बाट दक्षिण तर्फ लोक प्रसाद शर्माको घर हुँदै नाला एवम नहर सम्म को ग्रावेल सडक को दायाँ वायाँ	६१००००
		नेपाल राष्ट्रिय उच्च मा. वि.चोकको पूर्व पट्टी बाट दक्षिण नारायण शर्मा, कृष्ण सुवेदीको घर हुँदै नाला एवम् नहर सम्म पुग्ने ग्रावेल सडकको दायाँ वायाँ	६१००००
		नेपाल राष्ट्रिय माध्यमिक विद्यालयको मोड देखि नगरपालिकाको कार्यालय/शिव मन्दिरनेरको वर पिपल रुखको मोड भित्र दक्षिण पट्टी नाला सम्मका गोरेटो बाटाको दायाँ बायाँका र निकास भएका खेतीका जग्गा	४२००००
		निकास नभएको खेतीका जग्गा	१२२५००
		राजमार्गको sos चोक देखि दक्षिण sos देखि पछाडि सविन थापाको घर हुँदै साविक सोरहवा गा.वि.स.मा जाने मूल नहर सम्म कच्ची मोटर बाटोको दायाँ	७५००००
		उक्त नहरको दक्षिणपट्टी देखि १२ बिगाह जाने कच्ची मोटरबाटो तथा वडा नं. ५ अन्तर्गतका अन्य कच्ची मोटर बाटाको दायाँ वायाँ	४०७५००

		पूर्व–पश्चिम महेन्द्र राजमार्ग देखि दक्षिण ने.रा.मा.वि. सम्मग्रावेल सडकको दायाँ बायाँ	९५००००
४५	वडा नं ५ बाँसगढी मुख्य चोक देखि दक्षिण	बाँसगढी मुख्यचोक देखि उद्योग बाणिज्य संघ जाने चोक सम्म पिच सडकको दायाँ वायाँ	१३८००००
		बाँसगढी थारु गाउँको मन्दिरको मोड देखि पूर्व तर्फ लोक प्रसाद शर्माको घर सम्म आउने कच्ची मोटर बाटो को दायाँवायाँ	५१५०००
		उद्योग बाणिज्य संघनिरको चोक हुँदै पश्चिम तर्फ केशरमणि त्रिपाठी र बोर्डिङ स्कूल जाने ग्रावेल सडकको दायाँ वायाँ	५१००००
		थारु गाउँ मन्दिर चोक देखि दक्षिण नहरनेरको ठूलो पूल सम्म पीच सडक दायाँ बायाँ	८७५०००
		ठूलोपूल देखि पीच भए सम्म(हाल बुद्धिमानको घर सम्म)	७२५०००
		बुद्धिमानको घर देखि टावरचोक सम्म ग्रावेल सडकको दायाँ बायाँ	६२००००
		टावरचोक देखि दक्षिण झरसैलाचोक सम्म(बाटोको पूर्वपट्टी सामुदायिक बन तथा पश्चिम पट्टी बस्ती तथा आवादी जग्गा	३७५०००
		झरसैलाचोक देखि दक्षिण नहर सम्म कच्ची मोटरबाटो	३१५०००
		झरसैलाचोक देखि पूर्व बढैयाताल जाने बाटो सिमाना सम्म ग्रावेल सडक दायाँ बायाँ (उत्तर तर्फ सामुदायिक बन दक्षिण तर्फ बस्ती एवम् आवादी जग्गा)	२७५०००
		सापकोटाको घर नेर बाट नहरको बाटो हुँदै शान्तिपुर जाने गोरेटो संग जोडिएका दायाँ वायाँका जग्गा	१६२५००
		केशरमणिको घर तथा बोर्डिङ स्कूल जाने कल्भर्ट नेरको मोड देखि दक्षिण कोठार्नीकोघरहुँदै बाँसगढी थारु गाउँको मन्दिर नेरको मोड सम्म जोडिने ग्रावेलसडकको दायाँ बायाँ	५६००००
		भेटनरी तथा नगरपालिका जाने चोक देखि दक्षिण बाँसगढी थारु गाउँको बीचको मन्दिरको मोड सम्म पीच सडक दायाँ बायाँ	९६००००
		बाँसगढी थारु गाउँको पूर्व पट्टीको पूर्व रामपुर हुँदै बाँसगढी क्याम्पस जाने कच्ची मोटर बाटाको दायाँ बायाँ	३७५०००
		वार्ड नं ५ र बढैयाताल गा.पा.को सिमाना नेर बाट बैदान टोल हुँदै पश्चिम मोतिपुर निमान टोल पुग्ने ग्रावेल	२४५०००
		पूर्व-पश्चिम महेन्द्र राजमार्ग बाट मैनापोखर जाने चोकको दक्षिण मूलनहर सम्म जाने मोटर बाटाको दायाँ बायाँ	११८००००

		मोतिपुर स्कूलको पूर्व पट्टी बाट दक्षिण हसनापुर जाने ग्रावेल सडकको दाया वाया	३२००००
		भुवन थारुको घर पूर्व बाट कल्भर्ट हुदै भोलागौडी जाने सडक को ठूलो पुलसम्मजोडिने ग्रावेल सडकको दायाँ बायाँ	३२००००
		हस्नापुर बसन्तटोल देखि दक्षिण बढैया गाँ पा को सिमाना सडकको दाया बाया	२९००००
		वडा नं ५.भित्र पूर्व–पश्चिम महेन्द्र राज मार्गको दक्षिण तर्फ गोरेटो बाटाको दायाँ वायाँका जग्गा र निकास भएको खेतीका जग्गा	१६२५००
		वडा नं ५. भित्र पूर्व–पश्चिम महेन्द्र राजमार्गको दक्षिण तर्फ का निकास नभएको खेतीका जग्गा	११३०००
		वडा नं ५.भित्रका गोरेटो बाटाको दायाँ वायाँका जग्गा र निकास भएको खेतीका जग्गा	१६२५००
		वडा नं ५. भित्र का निकास नभएको खेतीका जग्गा	११३०००
		पूर्व-पश्चिम महेन्द्र राजमार्ग बाट मैनापोखर जाने चोकको दक्षिण मूलनहर सम्म जाने पीच सडकको दायाँ बायाँ	११८००००
		पूर्व-पश्चिम महेन्द्र राजमार्ग देखि दक्षिण मोतिपुर स्कूलको पूर्व पट्टी बाट दक्षिण जाने सडकको दायाँ वायाँ	३९००००
४६	वडा नं ५ पूर्व—पश्चिम महेन्द्र राज —मार्ग देखि उत्तर तथा दक्षिण बाँसगढी नगरपालिका वडा नं ५ अन्तर्गत	पूर्व-पश्चिम महेन्द्र राजमार्ग देखि उत्तर तथा दक्षिण माथि नपरेका पिच बाटोको दायाँ वायाँको जग्गा	६२००००
		पूर्व-पश्चिम महेन्द्र राजमार्ग देखि उत्तर तथा दक्षिण माथि नपरेका ग्रावेल बाटो, कच्ची मोटर,मूल नहरको दायाँ वायाँको जग्गा	२५५०००
		पूर्व-पश्चिम महेन्द्र राजमार्ग देखि उत्तर तथा दक्षिण,शाखा र प्रशाखा नहरको दायाँ वायाँको जग्गा	१६५०००

बाँसगढी नगरपालिका वडा नं. ६ (साविक मोतिपुर गा.बि.स. वडा नं. १,३,८ र ९)

क.सं.	मूलक्षेत्र	स्थान (कुन विन्दु देखि कुन विन्दु सम्म)	समितिद्वारा प्रस्तावित मूल्याङ्कन दर (प्रति कट्टा) रु

४७	वडा नं ६ जुरैना चोक–दमौली ग्रावेल सडक	वडा नं. ८ र ६ को सिमाना खालाको घर देखि जाजरकोट टोलको मोड सम्म	२९००००
		जाजरकोटी टोल नजिक बाट दमौली थारु गाउँ हुँदै साविक मैनापोखर वडा नं. ६ को सिमाना जंगल सम्म	१८००००
